मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १५१ | २०७९ साल चैत २९ गते बुधबार | Wednesday 12, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# लागूऔषधको 'ट्रान्जिट' वीरगंज

*'कोकिन, चरेश, हिरोइन र अफिमसहितका लागूऔषध महँगो भएकाले सेवनकर्ता कमी भए पनि गाँजा नेपालबाट भारत र ट्याब्लेट, बोतल र इन्जेक्सनसहित लागूऔषध भारतबाट नेपाल तस्करी हुने क्रममा प्रमुख नाका वीरगंज नै देखिएको छ'*


फाइल फोटो

एसके कर्ण
जनकपुरधाम, २८ चैत।

मधेश प्रदेशका आर्थिक राजधानी वीरगंज अवैध लागूऔषध कारोबारको 'ट्रान्जिट प्वाइन्ट' बन्दै गएको छ। वीरगंज सीमा देश र प्रदेशकै सबभन्दा ठूलो नाका हो।

हुन त, मधेश प्रदेशका आठ जिल्लाका सीमावर्ती क्षेत्रमा लागूऔषधको कारोबार बढ्दो छ। तर प्रहरीको तथ्यांकले अवैध लागूऔषध कारोबार तथा सेवनसम्बन्धी मुद्दा दर्ता, लागूऔषध बरामद, त्यसमा संलग्न व्यक्ति पक्राउसहितका तथ्यांकमा पर्सा अगाडि रहेको देखाउँछ।

कारोबार तथा सेवनमा पक्राउ, लागूऔषध बरामदसहितका घटना जिल्लाको अन्य ठाउँमा भए पनि सबभन्दी बढी वीरगंजमै हुने गरेको छ। प्रहरीका अनुसार खुला र ठूला सीमा भएका कारण वीरगंजमै बढी अवैध लागूऔषध कारोबार भइरहेको छ। प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी महेन्द्र कुमार श्रेष्ठले लागूऔषध कारोबारको ट्रान्जिट प्वाइन्ट पर्साको वीरगंज बनिरहेको बताए। मधेशदृष्टिसँग उनले भने, 'हुन त प्रदेशका सबै जिल्ला सीमानाकाबाट लागूऔषधको कारोबार भइरहेको छ, तर प्रदेशकै सबैभन्दा ठूलो व्यापापरिक सीमानाका, तस्करी क्षेत्र, आर्थिक कारोबार क्षेत्र भएको हुनाले ट्रान्जिट मानेर नै बढी निगरानी सर्तकता अपनाएकाले तथ्यांकमा पर्सामा बढी घटना देखिएको छ।' उनले लागूऔषध कारोबार नियन्त्रणमा आक्रामकरुपमा लागेकै परिणाम बढी व्यक्ति पक्राउसँगै जनचेतना बढाउने कार्य अघि बढाइएको बताए।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको तथ्यांक अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसहित गत तीन वर्षको अवधिमा जिल्ला प्रहरी कार्यालय पर्सामा ५ सय ५३ मुद्दा लागूऔषध सम्बन्धी दायर भएका छन्। अन्य जिल्लामध्ये सिरहामा ४ सय ५१, सप्तरीमा २ सय २८, धनुषामा १ सय ९४, महोत्तरी २ सय ४५, सर्लाही २ सय ९८, रौतहट ८४, बारा १ सय ८८ वटा अवैध लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको प्रहरीको तथ्यांक छ। लागूऔषध कारोबारमा संलग्न भएको आरोपमा सबभन्दा बढी पर्सामै ९ सय २० जना पक्राउ परेका छन्। आव २०७७/७८ मा १ सय ८१, २०७८/७९ मा ३ सय १९ र चालु आव २०७९/८० को फागुन महिनासम्ममा ४ सय २० जना पक्राउ परेका छन्। तीमध्ये अधिकांश वीरगंज सीमा क्षेत्रको आसपासबाट पक्राउ परेको प्रहरीको भनाइ छ।

प्रदेश प्रहरीको तथ्यांकअनुसार चालु आवसहित गत तीन वर्षका अवधिमा लागूऔषधतर्फ पर्साबाट २ हजार ९ सय २३ किलोग्राम बरामद भएको छ। सबभन्दा बढी आव २०७८/७९ मा १ हजार ३ सय ५९ किलोग्राम बरामद भएको छ। अन्य जिल्लामा सप्तरीबाट १ हजार ७३, सिरहाबाट ७ सय ५३, धनुषाबाट ९ सय ४६, महोत्तरीबाट ८ सय ९६, सर्लाहीबाट २ हजार ४९, रौतहटबाट ४ सय ७२, बाराबाट २ हजार १६ किलोग्राम बरामद भएको छ।

यस्तै, चरेसतर्फ चालु आवसहित तीन वर्षको अवधिमा २ सय ९२ किलो ३ सय ३० ग्राम बरामद भएकोमध्ये पर्साबाटै मात्रै २ सय ९ किलो ७८ ग्राम छ। अफिमसमेत बरामद भएको ३२ किलो ९ सय ३० ग्राम पर्साबाट गत दुई आवमा मात्रै २० किलो ६ सय ३० ग्राम बरामद भएको छ। ५ सय ९५ ग्राम बरामद भएका हिरोइनमध्ये पर्साबाट ५ सय ३० ग्राम बरामद भएको प्रहरीको तथ्यांक छ।

यस्तै, लागूऔषध ट्याब्लेट, बोतल र इन्जेक्सनसमेत आव २०७७/७८ मा १ लाख २ हजार १, आव २०७८/७९ मा १ लाख २३ हजार २ सय ४८ र चालु आवको फागुन मसान्तसम्ममा १ लाख १ हजार २ सय २८ गरी ३ लाख २६ हजार ४ सय ७७ वटा प्रदेशको आठवटै जिल्लाका विभिन्न स्थानबाट प्रहरीले बरामद गरेको छ। तीमध्ये पर्साबाट मात्रै ९६ हजार २८ छ। प्रहरीको तथ्यांकअनुसार, पर्साको वीरगंजसहित अन्य क्षेत्रबाट आव २०७७/७८ मा ३० हजार २ सय ८५, आव २०७८/७९ मा २५ हजार ६ सय ४७ र चालु

*- बाँकी पृष्ठ ६ मा*

# प्रतिस्पर्धी नै देख्दिनँ : यादव



मधेशदृष्टि
वीरगंज, २८ चैत।

बारा क्षेत्र नम्बर २ मा सत्तागठबन्धनका साझा उम्मेदवार एवम् जसपाका अध्यक्ष उपेन्द्र यादवले जनताबाट पाइरहेको अपार समर्थन र स्नेह देख्दा बारा २ मा आफनो प्रतिस्पर्धी नै नभएको अवस्था देखिएको बताएका छन्।

चुनावी घरदैलो कार्यक्रममा व्यस्त यादवले मंगलबार सञ्चारकर्मीहरुसँग संक्षिप्त कुराकानी गर्दै बारा २ का जनताले अत्यधिक मत दिएर जिताउने दाबी गरे। उनले सत्तागठबन्धनसँगै जसपाको पकड रहेको क्षेत्रमा आफूलाई जिताउन मतदाता वैशाख १० गते कुरेर बसेको दाबी गरे। यादवले चुनावी घरदैलोक्रममा जनतासँग साक्षात्कार गर्दा बारामा किसानका लागि सिचाइँ र मल मुख्य समस्या रहेको बताउँदै सडक, खानेपानी, शिक्षा र स्वास्थ्यको अवस्था पनि ठिक नभएको गुनासो गरेको पाइएको बताए।

आफू बाराका समस्या समाधान गर्न लागिपर्ने बताउँदै निर्वाचनपछि बारावासीको माग सम्बोधन हुने समेत उनले दाबी गरे।

किसानलाई मलखाद व्यवस्था, ग्रामीण भेगसम्म सडकको स्तरोन्नति, शिक्षा र स्वास्थ्यमा सुधारलगायतका एजेन्डाका साथ आफू जनतामाझ आएको यादवले बताए।

# १०६ जनामा कोरोना पुष्टि, एकको मृत्यु

मधेशदृष्टि
काठमाडौ, २८ चैत। पछिल्लो २४ घण्टामा १०६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार २ हजार ४३६ नमुनामध्ये ४७६ जनाको पीसीआर परीक्षण गर्दा ७४ जना र १ हजार ९६० जनाको एन्टीजेन परीक्षण गर्दा ३२ जना गरी १०६ जनामा कोरोना संक्रमण देखिएको हो। सोही अवधिमा ४८ जना संक्रमणमुक्त भएका छन्। यस्तै कोरोनाको संक्रिय संक्रमितको संख्या ४६९ पुगेको छ।

यस्तै पछिल्लो २४ घण्टामा पुस २३ गतेपछि पहिलो पटक कोरानाभाइरस (कोभिड-१९) सङ्क्रमणका कारण एकजनाको मृत्यु भएको छ। कोरोना सङ्क्रमणका कारण ७८ वर्षीय पुरुषको ज्यानको गएको स्वास्थ्य मन्त्रालय सह प्रवक्ता डा.समीरकुमार अधिकारीले बताए। सङ्क्रमणका कारण मृत्यु भएका पुरुषलाई सुगर, प्रेसर लगायतका स्वास्थ्य समस्याले करिब ३ साताअघि अस्पताल भर्ना भएका थिए।

काठमाडौँ उपत्यकामा उपचारका क्रममा उनको ज्यान गएको हो। डा अधिकारी भन्छन्, 'अन्य दीर्घरोग लागि उपचाररत व्यक्तिमा कोरोना सङ्क्रमण भई ज्यान गएको अवस्था कोरोनाकै कारण ज्यान गएको भनिन्छ।'

काठमाडौं उपत्यकामा संस्थागत आइसोलेशनमा २४ जना र आईसीयूमा १३ जना रहेका छन् भने ५ जनाको भेन्टिलेटरमा उपचाररत छन्। कोरोना भाइरसको सङ्क्रमण बढेसँगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको पहिलो मात्रा, दोस्रो मात्रा र बुस्टर डोज लगाउन सबैलाई आग्रह गरेको छ।

# पर्सा मालपोतका चार पुराना कर्मचारीलाई भ्रष्टाचारको मुद्दा



मधेशदृष्टि
वीरगंज, २८ चैत।

जग्गा किनबेचका क्रममा उठेको राजस्व हिनामिना गरेको अभियोगमा मालपोत कार्यालय पर्साका तत्कालीन दुई मालपोत प्रमुखसहित चार जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। अख्तियारले पर्साका तत्कालीन मालपोत प्रमुखद्वय प्रकाशप्रसाद पोखरेल र गमबहादुर विश्वकर्मा तथा नायब सुब्बा मदनप्रसाद गुप्ता र लेखापाल नागेन्द्रप्रसाद चौधरीविरुद्ध मंगलबार बिगो, जरिवाना र कैदसजाय मागदाबीसहित मुद्दा दायर गरेको हो। अख्तियारका प्रवक्ता भोला दाहालले अनुसन्धानमा खुलेको तथ्य र प्रमाणबमोजिम चार जनालाई राजस्व हिनामिनाको कसुरमा प्रतिवादी बनाएर मुद्दा दायर गरिएको बताए।

प्रवक्ता दाहालका अनुसार, आव २०७२/७३ मा जग्गा किनबेचका क्रममा उठेको रजिस्ट्रेसन दस्तुर र पुँजीगत लाभकरसहितको राजस्व सरकारी कोषमा दाखिला नगरी कार्यालय प्रमुख र अन्य कर्मचारीको मिलेमतोमा हिनामिना गरेको अनुसन्धानबाट खुलेको थियो। त्यसपछि अघि बढेको अनुसन्धानलाई टुंगोमा पुऱ्याउँदै अख्तियारले राजस्व हिनामिनामा कार्यालय प्रमुखसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो। अख्तियारले तत्कालीन मालपोत प्रमुख पोखरेलविरुद्ध उनको पालामा हिनामिना भएको ९३ लाख ६६ हजार २ सय ९ रुपैयाँ बिगो, हिनामिना भएको राजस्वको दोब्बर जरिवाना र कैद सजायको मागदाबी गरेको छ। त्यस्तै, अर्का कार्यालय प्रमुख विश्वकर्माले दैनिक लिखत रजिस्ट्रेसनबापत संकलन हुने रकम उठाउने र बुझाउने सन्दर्भमा अनुगमन नगरी पदीय दायित्व निर्वाह नगरेको र केही रकम हिनामिना गरेको कसुरमा प्रतिवादी बनाएर मुद्दा दायर गरिएको हो। विश्वकर्माविरुद्ध अख्तियारले १ लाख ४१ हजार ८ सय २५ रुपैयाँ बिगो, त्यसको दोब्बर जरिवाना रकम कैद सजाय माग गरेको छ। तत्कालीन नायब सुब्बा गुप्ता र लेखापाल चौधरीविरुद्ध समान ९५ लाख ८ हजार ३४ रुपैयाँ बिगो, त्यसको दोब्बर जरिवाना र कैद सजाय मागदाबी गरिएको छ। यसअघि नायब सुब्बा मदन गुप्ता सिमरा मलपोतको प्रमुख हुँदा भ्रष्टाचार गरेको आरोपमा अख्तियारद्वारा विशेष अदालतमा दायर गरेको मुद्दामा ४ करोड जरिवाना र ६ महिना कैद सजाय भोगिसकेका कर्मचारी हुन्।



# मटिहानीको मठ अभिभावकविहीनताले कर्मचारी समस्यामा



मधेशदृष्टि
महोत्तरी, २८ चैत ।

अनाधिकृत रुपमा जग्गा बेचेर रकम ठगी गरेको आरोपमा महन्थ जगन्नाथ दास शास्त्री पक्राउ परेपछि नेपालको सबैभन्दा ठुलो राजगुठीको रूपमा चिनिने महोत्तरी जिल्लाको मटिहानीस्थित लक्ष्मीनारायण मठ अभिभावक विहीन भएका छन् ।

अभिभावक विहिन भएपछि मठका कर्मचारीहरू समस्यामा परेका छन् । उनीहरुलाई तलब खान, दैनिक उपभोग्य सामाग्रीहरु किन्न समेत समस्या परेको छ । महन्थ शास्त्री जग्गा बेचेर रकम ठगी गरेको आरोपमा पुस ३ गते पक्राउ परेपछि मठ अहिले अभिभावकविहीन हुन पुगेको हो ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीको किर्ते चिठ्ठी तथा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर किर्ते गरी रुपन्देहीस्थित मेगा बैङ्कमा रोक्का रहेको खाता फुकुवा गरी ६६ लाख बढी रकम झिकेको आरोपमा उनी पक्राउ परेका थियो । लक्ष्मीनारायण मठका रसोइया (भान्से) रामबालक मण्डलले महन्थ नहुँदा हामीहरू खानाबाहेक कुनै पनि सुविधा पाउन नसकेको बताए । महन्थ दिने तलबभन्दा न्यून तलब गुठीले दिएपछि हामीले साउनदेखि तलब पाउन नसकेको भने । मठाधिशले मठमा काम गर्ने कर्मचारीहरूलाई गुठी संस्थानले दरबन्दी अनुसार दिने तलबभन्दा बढी तलब तथा सुविधा उपलब्ध गराउँदै आएको थियो । मठको प्राङ्गणमा रहेको प्रसिद्ध तथा ऐतिहासिक लक्ष्मीनारायण मन्दिरका पुजारी शिवशरण दासले मन्दिरमा हुने पूजापाठको सामग्रीहरू गुठी संस्थान जलेश्वर शाखाले उपलब्ध गराउँदै आएको बताउदै सो बाहेक आफूहरूलाई थप सुविधा केही नभेटिएको उनले भने । “तेल, साबुन लगायतका दैनिक उपभोगका सामग्रीहरू महन्थ हुँदा पाउँदै आएका थियौं तर अहिले किन्नु परेको छ,“ पुजारीले भने ।

यता, गुठी संस्थान जलेश्वर शाखाका अध्यक्ष किशोर कुमार झाले मठ अभिभावक विहीन भएपछि समस्या हुनसक्ने स्विकार्दै मठमा दरबन्दी अनुसारको माघ महिनासम्मको तलब पठाइसकेको जानकारी दिएका छन् । उनले कर्मचारीको सुख, सुविधामा कमी ल्याउन नदिन आफै पटक पटक मठको निरीक्षण भ्रमणमा जाने गरेको छु भन्दै केही समस्या भएको भए आफू समाधानको लागि पहल गर्ने आश्वासन दिएका छन् । गुठी संस्थानले मानमहन्थसहित २५ जना कर्मचारीको दरबन्दी मठमा राखेको छ । मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मठभित्रको समस्याको निराकरणको सवाल गुठी संस्थानको दायित्वमा रहेको बताउंदै पालिकाबाट समय समयमा मठ र मन्दिरको सरसफाइ तथा सौन्दर्यकरणको काममा गर्दै आएको भने । मठको कर्मचारीको समस्याबारे पहल गर्न वडाध्यक्षलाई निर्देशन गरिसकेको उनको भनाई छ ।

झण्डै चार सय वर्ष पुरानो मानिएको उक्त मठ करिब १० विग्हा क्षेत्रफलमा रहेको छ । सो मठको मध्यमा भगवान् लक्ष्मीनारायणको भव्य मन्दिर रहेको छ भने मन्दिरको वरिपरि भव्य महल प्रतीत हुने राजदरवारको ढाँचामा कलात्मक शैलीको ५० वटा ठुल ठुलो भवन रहेको छ । मठ परिसरको सानिन्धयमै दक्षिणतर्फ एउटा विशाल र गहिरो लक्ष्मीसागर रहेको छ। यस सागरको सम्बन्धमा मिथिला महात्मामय उल्लेख भएअनुसार त्रेता युगमा श्रीराम र जानकीको शुभ विवाहको लागी मिथिलाको परम्परा अनुसार यही सागरबाट मण्डप निर्माणार्थ माटो खनिएको थियो ।वि.सं.२०७६ सालमा रुपन्देहीको भैरहवास्थित ३ कठ्ठाभन्दा बढी जग्गा विक्री वितरण तथा दुरुपयोग गरेको आरोपमा महन्थ पदबाट दासलाई गुठी संस्थानले निलम्बन गरेको थियो । महन्थको नाममा रहेको जग्गा बेच्न नपाउने कानुनी प्रावधान रहे पनि रुपन्देहीको सिद्धार्थ नगरपालिका गल्लामन्डीस्थित रामजानकी मन्दिरले भोगचलन गर्दै आएको कित्ता नम्बर १६५ को ३ कठ्ठा ५ धुर जग्गा महन्थ दासले बेचेको आरोप छ । ती बाहेक सो मठका जनकपुरधाम स्थित कयौं विघा जग्गा लिजको नाममा महन्थ शास्त्रीले बिक्री गरेको आरोप पनि छ ।

# लागूऔषध सहित मधेशबाट ६ पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, २८ गते ।

मधेश प्रदेशको विभिन्न जिल्लाबाट प्रहरीले लागूऔषधसहित ६ जनालाई पक्राउ गरेको छ ।

प्रदेश प्रहरी कार्यालयले जनाए अनुसार सप्तरीको अग्निसाइर कृष्णसावरण गाउँपालिका-२ बाट २२ वर्षीय सुनिल राईलाई लागूऔषध बिक्री वितरण गरेको आरोपमा पक्राउ गरेको छ । लागूऔषध ओसार-पोसार तथा बिक्री वितरण गरिरहेको गोप्य सूचनाको आधारमा प्रहरीले खोजतलास गर्दै जाँदा राई आफ्नै करेसाबारीमा लागुऔषध सहित पक्राउ परेको थियो ।

उनले माटो भित्र गाडेर कपडाको झोलामा लुकाएर राखेको लिजेसिक ८० एम्पुल, डाईजेपाम ७८ एम्पुल र फेनारगन ७५ एम्पुल गरी जम्मा २ सय ३३ एम्पुल सहितका लागू औषध प्रहरीले बरामद गरेको छ। प्रहरीले सिरहाको लहान नगरपालिका-४ रघुनाथपुरबाट लागूऔषधसहित २८ वर्षीय जीवन यादवलाई पक्राउ गरेको छ। यादवले आफ्नै घरमा ब्युप्रोनोफिन १२ एम्पुल, डाइजिल्याब ११ एम्पुल र फेनारगन ११ एम्पुलला.औषधि लुकाई छिपाइ राखेको गोप्य सूचनाको आधारमा प्रहरीले पक्राउ गरेको थियो ।

त्यस्तै महोत्तरीको सम्सी गाउँपालिका-४ स्थित दशगजा नजिकैबाटै दुई युवकलाई लागूऔषधसहित पक्राउ परेको छ । प्रहरी चौकी गैडाभेटपुरका प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटेको गस्ती टोलीले भारतको कन्हवाबाट नेपालतर्फ पैदल आउँदै गरेको चितवन उपमहानगरपालिका-९का २४ वर्षीय रोहित कार्की र मकवानपुर बकैया गाउँपालिका-७का २९ वर्षीय संजु खड्कालाई पक्राउ गरेको हो ।

उनको साथबाट प्रहरीले फेनरागन-५६पिस,नरकिम-५२ पिस र डाईजोपाम-५७ पिस गरी जम्मा १ सय ६५ परिमाणमा लागूऔषध बरामद गरिएको जनाइएको छ ।

बाराको जितपुर सिमरा उपमहानगरपालिका-२ बाट एक जनालाई गाँजासहित पक्राउ गरेको छ । नारायणघाटबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.प्र.०६-००१ख.००५४ न.को बसलाई ईलाका प्रहरी कार्यालय सिमराबाट खटेको टोलीले चेक जाँच गरेर पर्सा जिल्लाको जगरन्नाथपुर गाउपालिका-६ का ४५ वर्षीय मुन्ना पासवानलाई अढाइ किलो गाँजासहित पक्राउ गरेको छ । त्यसैगरी वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट प्रहरीले एक युवकलाई लागूऔषधसहित पक्राउ गरेको छ ।

चितवन भरतपुर महानगरपालिका-१० हाकिम चोकका २७ वर्षीय सुमन ठकुरीलाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका ठकुरीको साथबाट प्रहरीले नुर्फिन १५ एम्पुल,डाईजेपाम १५ एम्पुल र फेनारागन १५ एम्पुल गरी जम्मा ४५ एम्पुल लागूऔषधहरु बरामद गरेको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

पर्साबाटै प्रहरीले ठूलो परिमाणमा लागूऔषधसहित ३ जनालाई पक्राउ गरेको छ । पटेर्वासुगौली गाउँपालिका-५ देउरियास्थित प्रदेशी राउत थारुको घरबाट आइतबार साँझ पौने ५ बजेको समयमा १ सय १८ किलो चरेस र ४ किलो गाँजासहित उनीहरुलाई पक्राउ गरिएको छ । उनको घर खानतलासी गर्दा लुकाइछिपाइ राखेको अवस्थामा १ सय १८ किलो लागूऔषध चरेस र ४ किलो गाँजा फेला परेको थियो ।

लागूऔषध ओसारपसार तथा किनबेचमा संलग्न रहेको आरोपमा प्रहरीले घरधनी ६० वर्षीयप्रदेशीराउतथारु, मकवानपुर राक्सिराङ गाउँपालिका-८ का ३५ वर्षीय रमेश मोक्तान र मकवानपुर मनहरी गाउँपालिका-८ का २५ वर्षीय रोशन मोक्तानलाई समेत पक्राउ गरेको छ ।

# मिटरब्याज पीडित र सरकारबीचको वार्ता निष्कर्षविहीन



मधेशदृष्टि
काठमाडौ, २८ चैत ।

सरकार र मिटरब्याज पीडितबीचको वार्ता निष्कर्ष विहिन भएको छ ।

मंगलबार तेस्रो दिन भएको वार्तामा पीडितले मिटरब्याजसंग जोडिएका सबै लिखत (तमसुक, दृष्टिबन्धक रजिष्ट्रेसन, छिनुवा पास, कतिपय अवस्थामा चेक समेत आदि) मन्त्रिपरिषद्ले निर्णय गरेर अवैध घोषणा गर्नुपर्ने माग राखेपछि वार्ता निष्कर्षविहिन हुन गएको हो ।

मन्त्रिपरिषदले तमसुक खारेज गर्ने निर्णय गर्न नसक्ने र गरे पनि अदालतले खारेज गर्न सक्ने भन्दै सरकारी वार्ता टोलीले पीडितको पहिलो मागमा असहमति जनाएको हो । त्यसपछि मिटरब्याज पीडितले तमसुक खारेजको विषय संसदबाट संकल्प प्रस्ताव पारित गर्न सकिने विकल्प सुझाएका थिए । ‘उहाँहरुको कुरा सुनेपछि हामीले महान्यायधिवक्ता वा अदालती पक्षका मान्छे पनि छलफलमा बोलाउनुस् भन्यौं । यदि यस्तो गर्न सकिदैन भने संसदबाट संकल्प प्रस्ताव पारित गरेर मिटरब्याजका सबै लिखत अवैध घोषण गरौं भनेर सुझाव दियौं,’ मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता निर्ग नविनले भने । तर, मिटरब्याजविरुद्ध कानुन बनाएपछि मात्र मन्त्रिपरिषद् र संसदमा पुर्‍याएर मिटरब्याजका तमसुक अवैध घोषणा गर्न सकिने सरकारी टोलीको धारणा छ । मिटरब्याज पीडितले राखेको पहिलो नम्बरको मागमै सहमति जुटन नसकेपछि सरकारी वार्ता टोलीमा सामेल प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका उपसचिव उमाकान्त अधिकारीले वार्ताको औचित्य नै सकिएको बताएका छन् ।

मिटरब्याज पीडितले यसअघि गृह मन्त्रालयले गठन गरेको ‘मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदल’ ले सिफारिस गरेको कानुनी मस्यौदा अनुसार तत्काल कानुन बनाउनुपर्ने विषयलाई आफ्नो दोस्रो माग बनाएका छन् । सरकारी वार्ता टोलीले मंगलबारको वार्तामा मिटरब्याज विरुद्ध कानुन बनाएपछि मात्र मन्त्रिपरिषदबाट मिटरब्याजका तमसुक अवैध घोषणा गर्न सकिने बताएको छ । मिटरब्याजमा ऋण लिएकाहरु विरुद्ध अदालतमा पुगेका मुद्धाको सुनुवाइ तत्काल स्थागित गर्नुपर्ने र फैसला भइसकेका मुद्धाको पुनरावलोकन गर्नुपर्ने मिटरब्याज पीडितको तेस्रो माग छ ।

मागमा उल्लेख भएको अदालतको विषय आफ्नो क्षेत्राधिकारमा नपर्ने भन्दै सरकारी वार्ता टोलीले यस विषयमा पनि छलफल नै नभएको गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले भने । पीडितले जिल्ला प्रशासन र प्रहरीमा दिएका निवेदनका आधारमा साहु महाजनलाई पक्राउ गर्ने र उनीहरुको सम्पत्ति छानबिन गर्ने विषयलाई चौथो मागमा राखेका छन् । यो मागमा भने सरकारी वार्ता टोली सकारात्मक छ । ‘यस विषयमा भने सरकारी टोलीले मिटरब्याजीलाई पक्राउ गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिन सकिने कुरा गरेको छ’, वार्तामा सहभागी रौतहटका शिवशंकर महतोले सुनाए ।

पीडितले राखेका ६ वटै मागमाथि छलफल भएपनि सरकारी वार्ता टोलीले २० चैतमा मन्त्रिपरिषदले गठन गरेको मिटरब्याजका विषयमा जाँचबुझ गर्न गठित आयोगले नै सबै समस्या समाधान गर्ने कुरामा बढी जोड दिएको छ ।

# जनकपुरको सट्टा जनकपुरधाम लेखाउन माग



मधेशदृष्टि
जनकपुरधाम, २८ चैत ।

जनकपुरधामको धार्मिकता जोगाउन सबै निजी, सार्वजनिक कार्यालय, विद्यालय, उद्योग कलकारखाना सहितका संघ संस्थाहरुको बोर्डमा जनकपुरधाम लेख्न माग गरिएको छ ।

गौ संरक्षण मंच नेपालले जनकपुरसँग जोडिएका “धाम” को पहिचान राख्न माग सहित धनुषाका सिडिओलाई एक ज्ञापन पत्र बुझाएका छन् । उनले ज्ञापन पत्र मार्फत जनकपुर परापूर्वकालदेखि नै धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्र भएको हुनाले धामको रुपमा पहिचान बनाउन तात्कालिन समय गृह पंचायत मन्त्रालयले २०२३ सालमै जनकपुरधाम लेख्ने भनी निर्णय गरेका थिए ।

सो निर्णय बमोजिम तात्कालिन श्री ५ को सरकार गृह पंचायत मन्त्रालयले नेपाल गजेट भाग ४ को १३ भदौ २०२३ को एक सूचना प्रकाशित जनकपुर नगर पंचायतको क्षेत्रभित्रको ईलाकालाई जनकपुरधाम नामाकरण गर्नुका साथै सोही बमोजिम लेख्न आदेश गरेको थियो। तर आदेश ती ५० वर्षसम्म कार्यान्वयन हुन सकेन् ।

गौ संरक्षण मंचले जनकपुरधाम लेख्ने निर्णयलाई कार्यान्वयन गर्न पटक पटक विभिन्न निकायमा धाउंदै गए । अन्ततः देश संघीयता देशमा गएपछि २०७३ माघ १० गते जानकी नवमीको अवसरमा बसेको सर्वदलीय बैठकबाट जनकपुरधाम लेख्ने भनी निर्णय गरियो। सो निर्णय बमोजिम संघीय सरकारबाट समेत सोही वर्ष जनकपुरधामको मान्यता पायो । जनकपुर उपमहानगरपालिका जनकपुरधाममा परिणत भएपछि यहाँ स्थित कार्यालयहरुले जनकपुरधाम लेख्ने गरेको देखिएको छैन। अथक प्रयासपछि केही कार्यालय र व्यवसायिक प्रतिष्ठानमा जनकपुरधाम लेखिएपनि अधिकांशले यस निर्णयलाई कार्यन्वयन गरेको छैन । यसतर्फ उपमहानगरपालिकाले समेतले कुनै चासो नलिएको मंचका अध्यक्ष जगदीश महासेठको भनाई छ । नेपाल सरकारबाट निर्णय भएपनि नेपाल सरकारकै स्वामित्वमा रहेका नेपाल राष्ट्र बैंक लगायतका सरकारी कार्यालयहरुले सो निर्णय कार्यान्वयन नगरी वेवास्ता गर्दै आएकाले यसलाई तत्काल कार्यन्वयन गराउन मंचका अध्यक्ष महासेठले माग गरेको छ ।

नेपाल राष्ट्र बैंकका साथै यहाँस्थित सरकारी, गैर सरकारी, निजी संघ संस्था, विद्यालय तथा व्यापारिक प्रतिष्ठानको ठाउँको नाममा जनकपुरको सट्टा जनकपुरधाम लेख्न लगाउन माग समेत गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# विद्यार्थीबाट शुल्क उठाइदिन महानगरमा गुहार

मधेशदृष्टि
वीरगंज, २८ चैत ।

विद्यार्थीको शुल्क उठाउन माग गर्दै वीरगंजका विभिन्न संस्थागत विद्यालयका शिक्षकले महानगरमा ज्ञापनपत्र बुझाएका छन् ।

वीरगंजस्थित ज्ञानदा एकेडेमी, गौतम मावि, जिएचपी मावि र एञ्जल इन्टरनेसनल सेकेन्डरी स्कुलका शिक्षकले वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई ज्ञापनपत्र बुझाउँदै बाँकी रहेको शुल्क उठाइदिन माग गरेका छन् । भर्खरै सम्पन्न अन्तिम परीक्षाका बेला पनि वीरगंज महानगरकै निर्देशनमा शुल्क नबुझाउनेलाई पनि परीक्षाबाट वञ्चित नगराइएकाले बाँकी शुल्क महानगरले नै पहल गरेर उठाउनुपर्ने उनीहरुको



माग छ । दुई महिनादेखिको पारिश्रमिक नपाएको दुखेसो पोख्दै शिक्षकहरुले तलब माग्दा अभिभावकले नै शुल्क नदिएको व्यवस्थापन पक्षले प्रतिक्रिया दिएकाले महानगरलाई गुहार्न बाध्य भएको शिक्षकहरुको भनाइ छ । अधिकांश अभिभावकले शुल्क नबुझाएको र बुझाउनेलाई पनि केही अभिभावकले रोक्दा आफूहरुले पारिश्रमिक पाउन नसकेको उनीहरुको दुखेसो छ । संस्थागत विद्यालयको आम्दानीको मूलस्रोत नै शुल्क भएकाले अभिभावकले नबुझाएपछि त्यसको प्रत्यक्ष प्रभाव शिक्षकलाई परेको उनीहरुले बुझाएको ज्ञापन पत्रमा उल्लेख छ । विद्यालयबाट पटकपटक अनुरोध गर्दा पनि शुल्क बुझाउन आलटाल हुँदै आएको हुँदा शिक्षक कर्मचारीलाई मासिक पारिश्रमिक उपलब्ध गराउन विद्यालय असमर्थ रहेकाले बक्यौता शुल्क बुझाउन सहयोग र आवश्यक समन्वय गरिदिन ज्ञापनपत्रमार्फत उनीहरुले महानगर प्रमुख सिंहलाई अनुरोध गरेका हुन् । ज्ञापनपत्र बुझ्दै महानगर प्रमुख सिंहले ज्ञानको ज्योति दिने शिक्षकहरु नै समस्यामा परेपछि शैक्षिक क्षेत्रको सुधार हुन नसक्ने बताए । विद्यालयलाई तिर्नुपर्ने शुल्कका सम्बन्धमा सबै विद्यालयका व्यवस्थापन समिति र अभिभावकसँग छलफल गरेर समस्या सुल्झाउने महानगर प्रमुख सिंहले आश्वासन दिए ।

# नेत्रज्योति संघमा सिंह




मधेशदृष्टि
रौतहट, २८ चैत ।

नेपाल नेत्रज्योति संघ रौतहटको अध्यक्षमा विजय सिंह निर्वाचित भएका छन् । मंगलबार आँखा अस्पताल गौर पुरेनवामा भएको वार्षिक साधारणसभाले सिंहलाई अध्यक्ष चयन गरेको हो ।

सिंहले ७१ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी ज्ञानी राय यादवले २८ मत मात्र प्राप्त गरेको संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्याम कुमार पोखरेलले बताए ।

# 'शंकास्पद'को आशंकमा पोष्टमार्टममा पठाइयो

मधेशदृष्टि
रौतहट, २८ चैत ।

रौतहट, २८ चैत । कटहरिया-५ मा १६ वर्षीया पूजा कुमारी यादवको शंकास्पद मृत्यु भएको छ । सिकिस्त बिरामी पूजालाई उपचारका लागि वीरगंज लैजानेक्रममा बाटोमै मृत्यु भएको हो । पूजालाई झाडापखाला लागेर मृत्यु भएको बताउँदै परिवारजनले दाहसंस्कारको तयारी गरेका थिए । तर इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सइ अशोक कुमार महतोले अविवाहित पूजाको मृत्यु शंकास्पद रहेको भन्दै शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाएका छन् ।

सइ महतोले पोष्टमार्टमको रिपोर्ट आएपछि मात्र पूजाको मृत्युको कारण खुल्ने जानकारी दिए । पूजाका बुबा सिकिन्दरलगायत परिवारले झाडा पखालाले नै छोरीको मृत्यु भएको दाबी गरेका छन् ।

# कोरोनाबाट एकको मृत्यु, कोरोनाको नक्कली रिपोर्ट

मधेशदृष्टि
वीरगंज, २८ चैत ।

कोरोना भाइरस सङ्क्रमित एकको मंगलबार मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार मंगलबार दुई हजार चार सय ३६ जनामा गरिएको परीक्षणमा एक सय छ जनामा सङ्क्रमण देखिएको छ । यस्तै, मंगलबार ४८ जना उपचारपछि घर फर्किएका छन् ।

मन्त्रालयले अझै केही दिनसम्म सङ्क्रमण बढ्ने देखिएको जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार सय ६९ पुगेको छ । काठमाडौँ उपत्यकामा २४ जना आइसोलेसन, १३ जना सघन उपचारकक्ष आइसियुमा र पाँचजना भेन्टिलेटरमा उपचाररत छन् । नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबि. १.१६ देखा परेको छ । उता, चितवनको भरतपुर अस्पतालको लेटरप्याड र डिजिटल हस्ताक्षर प्रयोग गरेर नक्कली कोरोना रिपोर्ट बनाएको पाइएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलले अस्पतालको लेटरप्याड र हस्ताक्षर दुरुपयोग गरेर पिसिआर परीक्षणको नक्कली रिपोर्ट तयार पारिएको जानकारी दिए । अस्पतालले माघ १३ गतेदेखि अहिलेसम्म अस्पतालमा कोभिड १९ को पिसिआर परीक्षण कार्य रोकिएको जनाएको छ । रिएजेन्ट अभावका कारणले कोरोना परीक्षण रोकिएको हो । अस्पतालमा दैनिक ४५ जनाको एन्टिजेन परीक्षण भने भइरहेको छ । तर एसइइ र क्याम्पसस्तरको परीक्षा दिने विद्यार्थीले नक्कली पिसिआर रिपोर्ट बनाएको पाइएपछि अस्पतालले अनुसन्धान गरिदिन आग्रह गर्दै जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको चितवन प्रहरी प्रवक्ता डिएसपी विजयराज पण्डितले जानकारी दिए । नक्कली रिपोर्ट बनाउनेहरुको बारेमा अनुसन्धान अगाडि बढाइएको पनि उनले जानकारी दिए ।

# वैवाहिक बलात्कर मुद्दामा न्यायाधीश पक्राउ

मधेशदृष्टि
वीरगंज, २८ चैत ।

न्याय परिषदका न्यायाधीश भुवन गिरी पक्राउ परेका छन् । उनलाई मंगलबार प्रहरीले सामाखुसीबाट पक्राउ गरेको हो । गिरीविरुद्ध उनकी पत्नी आरती गिरी रावलले वैवाहिक बलात्कार आरोपमा जाहेरी दिएकी थिइन् ।

कपिलवस्तु जिल्ला अदालतले गिरीलाई पक्राउ गर्न गत साता प्रहरीलाई अनुमति दिएको थियो । गिरी एक महिना अगाडि मात्रै न्यायपरिषदमा सरुवा भएर आएका हुन् । उनले हिजो श्रीमती पार्वती बोलाएर भेटेका थिए ।

राति पनि पार्वतीकै कोठामा बसेका थिए । आफ्नो मोबाइल खोसेर रातभर बन्धक बनाएको भन्दै पार्वतीले बिहान एक साथीलाई गुहारेकी थिइन् । ती साथीले पार्वतीलाई उद्दार गरेकी छन् । प्रहरीले पार्वतीकै कोठाबाट गिरीलाइ पक्राउ गरेको हो ।

# आगलागीमा दाजुभाइकै घर खरानी

मधेशदृष्टि
सप्तरी, २८ चैत ।

सप्तरीको विभिन्न स्थानमा भएको आगलागीमा घर जल्नुका साथै लाखौंको धनमाल जलेर नष्ट भएको छ ।

कञ्चनरुप-१ स्थित बैरवा टोलमा मंगलबार आगलागी हुँदा नौ लाख बराबरको क्षति भएको छ भने घटनामा दुईजना घाइते भएका छन् । स्थानीय विनय खंगको घरमा खाना पकाउने क्रममा चुलोबाट आगो सल्कँदा आगलागी हुँदा नजिकै टाँसिएको सोही ठाउँका रामेश्वर खंग र धुरेन्द्र खंगको घरमा समेत आगलागी भइ नौ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको हो ।

आगो निभाउने क्रममा विनय खंग, राजिन्द्र सदा घटना घाइते भएको र उनीहरु धर्मेश्वर अस्पताल ठेलिया सप्तरीमा उपचार भइरहेको छ । यसैगरी, आगलागीमा परी सोही ठाउँका वीरेन्द्र खंगको एकलाख ५० हजार बराबरको क्षति भएको छ ।

यता, रुपनी गाउँपालिका-२ स्थित पिपराहीमा आगलागी हुँदा १० लाख रुपैयाँ बराबरको क्षति भएको छ । मंगलबार राति १० बजे स्थानीय रामनारायण साहको घरमा बिजुलीको मिटर अचानक सर्ट भई आगलागी हुँदा घर, लत्ताकपडा, अन्य सामान जलेर नष्ट भएको र तीनवटा खसीसमेत जल्दा पाँच लाख रुपैयाँ बराबरको क्षति भएको छ ।



यसैगरी, सोही आगलागीमा रामनाराणका भाइ शिवनारायण साहको घर, लत्ता कपडा, अन्य सामान जलेर नष्ट हुनुका साथै दुई वटा बाख्रा जल्दा पाँच लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।

प्रहरी, शम्भुनाथ नगरपालिकाको दमकल, मधेश प्रदेश प्रहरी तालिम केन्द्रको दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रमा लिइएको थियो । सप्तरीमा आगलागिबाट नौ लाखको क्षति, दुई जना घाईते

# हरवा चरवाको अधिकार यात्रा जनकपुरधाममा

मधेशदृष्टि
जनकपुरधाम, २८ चैत ।

न्यायिक पुनःस्थापना सहित विभिन्न ६ बुँदे माग लिएर निस्केको हरवा चरवाको अधिकार यात्रा मंगलवार जनकपुरधाम आइपुगेको छ । चैत २५ गतेदेखि पर्सा र सप्तरीबाट एकसाथ सुरु गरिएको हरवाचरवाको अधिकार यात्रा हजारौंको संख्यामा जनकपुरधाम आएको हो ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले गत ९ महिना अघि घोषणा गरेको हरवाचरवा प्रथा मुक्त अहिलेसम्म व्यवहारमा कार्यान्वयनमा आउन नसकेको भन्दै पुनर्स्थापनाको माग सहित मधेश प्रदेशमा पाँच दिने अधिकार यात्रामा उनीहरु निस्केका थिए । सप्तरीको राजविराज र पर्साको वीरगंजबाट गरी दूई समूहमा उनीहरु अधिकार यात्रामा निस्केका हुन् ।

राजविराजबाट सुरु भएको समूहको सो यात्रा लहान, बस्तीपुर, गोलबजार, औरही, गणेशमान चारनाथ, शहिदनगर हुँदै मंगलबार जनकपुरधाम आइ पुगेको हो ।

उता, वीरगन्जबाट निस्केको समूह पनि बहुदरमाई, जितपुर, कलैया, करैयामाई, कोल्भी, बलचनपुर, गरुडा, गौर, मंलगवा, ब्रह्मपुरी, जलेश्वर हुँदै जनकपुरधाम आइपुगेको हो । जनकपुरधाम पुगेर नगर परिक्रमा सँगै सो अधिकार यात्राको समापन समेत गरिएको छ ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले दास प्रथाबाट मुक्त हुन सरकारले हरवा चरवा मुक्त घोषणा सहित आफूहरुको पुनर्स्थापनाका लागि लगत संकलन, सत्यापन, परिचयपत्र वितरण, पुनर्स्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तीकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता गरेको थियो । तर आजसम्म पुरा हुन नसकेको उनको भनाई छ ।

उनले भने माग पूरा गर्न भूमि व्यवस्था मन्त्रालयले कार्यविधि र कार्ययोजना निर्माण गरेपनि कार्यान्वयनमा आउन नसकेको छैन । सरकारले मुक्ति घोषणा गरेपनि मधेस प्रदेशका ८ जिल्लासहित मोरङ, सुनसरी, नवलपरासी, रुपन्देही र कपिलवस्तुमा अझै हरवाचरवा प्रथा कायमै रहेको उनले भने ।

उनले भने, 'खाना र औषधि उपचारका लागि हामी ऋणको गैरकानुनी सर्त मान्न बाध्य छौं । तर, केन्द्रदेखि मधेस सरकार हाम्रो पुनर्स्थापनाको सवालमा मौन छ ।' देशमा संघीयता, लोकतन्त्र, समावेशीकरण र गणतन्त्र आएपनि आफूहरुको जीवनमा कुनै परिवर्तन आएको छैन ।

अधिकार यात्राका क्रममा १० हजार बढी हरवाचरवा, शुभचिन्तक र पालिका प्रमुखहरुले उनीहरुको मागप्रति ऐक्यबद्धता जनाउँदै गरिएको प्रतिबद्धता सहितको ज्ञापन पत्र मुख्यमन्त्री सरोजकुमार यादवलाई बुझाउने कार्यक्रम रहेको थियो । तर मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय क्षेत्रमा उनीहरुलाई प्रवेश गर्न नदिएपछि सो ज्ञापन पत्र उनीहरु बुझाउन सकेका छैन ।

मण्डलले भने आफूहरुको पीडा सुन्नेवाला कोही छैन, संघले प्रतिबद्धता गरेपनि कार्यान्वयन गरेनन् । प्रदेश सरकारले त झन् शोषक देखिए, आफूहरुको कुरा के सुन्नु ज्ञापन पत्र बुझाउन मुख्यमन्त्री कार्यालय भित्र छिर्न समेत दिएनन् ।

# वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



मधेशदृष्टि
गरुडा, २८ चैत ।

मेरो माइक्रोफाइनान्स लघुवित वित्तीय संस्थाको आयोजनामा रौतहटको फतुवा विजयपुर नगरपालिकामा एकदिने वित्तीय साक्षरता कार्यक्रम भएको छ । कार्यबाहक नगरप्रमुख अम्बेया खातुनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा लघुवित्तको भूमिका तथा वित्तीय साक्षरताबारे बताइएको थियो ।

कार्यक्रमममा रमपुर्वा, कोल्हवी बाराबाट सञ्चालित वित्तीय कार्यक्रम अन्तर्गत केन्द्र प्रमुख तथा समूह सदस्य सहभागी थिए ।

# अग्निपीडितलाई सहयोग जुट्ने क्रम जारी

मधेशदृष्टि
रौतहट, २८ चैत ।



माधवनारायण-४ विसुनपूर्वा मानपुरका अग्निपीडितलाई विभिन्न दाता तथा दातृसंस्थाले सहयोग गरिरहेका छन् । आइतबार दिउँसो २ बजे स्थानीय जिउत मुखियाको घरमा खाजा बनाउन बालिएको चुल्होबाट सल्किएर आगलागी हुँदा खपडा तथा खरको छाना भएको २१ वटा घर जलेर नष्ट भएको थियो ।

आगलागीमा परेर घर, अन्न, चौपाया, लत्ताकपडा, नगद तथा गरगहना जलेर नष्ट हुँदा कैयौँ परिवार छिमेकीको घरमा आश्रय लिइरहेका छन् । नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्ण यादवले व्यक्तिगत रूपमा पाँचहजार रुपैयाँका दरले प्रत्येक पीडित परिवारलाई सहयोग गरेका छन् ।

त्यस्तै, माधवनारायण नगरप्रमुख बैजु प्रसाद यादवले अग्निपीडित परिवारलाई लुगा, भाँडावर्तन, त्रिपाल, खाद्यान्न सामग्री तथा केही नगदसमेत सहयोग गरेका छन् । घटनालगत्तै सिडियो धर्मेन्द्र कुमार मिश्रा, एसपी वीरबहादुर बुढामगर, नेपाल रेडक्रस सोसाइटी रौतहटका सभापति राजकिशोर यादव, गौर नगरप्रमुख शम्भु साहसहितको टोली राहतसहित पुगेर सहयोग गरेको स्थानीय पारस भण्डारीले जानकारी दिए ।

# फरार १४ अभियुक्त पक्राउ

मधेशदृष्टि
रौतहट, २८ चैत ।

विभिन्न मुद्दाका १४ जना फरार अभियुक्तलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । फागुन र चैत महिनाको २७ गतेसम्मको अवधिमा जिल्ला प्रहरी तथा तथा मातहतका युनिटबाट खटिएको प्रहरी टोलीले फरार सूचीमा रहेका उनीहरुलाई पक्राउ गरेको हो ।

जिल्ला अदालतको विभिन्न मितिको फैसलाले उनीहरुबाट १ वर्ष १ महिना १० दिन कैद र तीन लाख ६६ हजार सात सय ६२ रुपैयाँ जरिवाना भुक्तान गर्न बाँकी रहेको रौतहट प्रहरी



प्रमुख एसपी वीरबहादुर बुढामगरले बताए । पक्राउ परेका अभियुक्तलाई जरिवाना तथा कैद भुक्तानका लागि जिल्ला अदालत रौतहटको निर्देशन अनुसार जिल्ला कारागार गौर पठाइएको एसपी बुढामगरले जानकारी दिए ।

## सम्पादकीय

# रात्रीबजार सञ्चालनको सत्प्रयास

वीरगंजमा तीनदिने रात्रीबजारको अभ्यास हुँदैछ । खासगरी भारतीय पर्यटकलाई वीरगंजमै रोक्न, राख्न, सन्तुष्ट बनाउन अनि खस्किएको अर्थतन्त्रलाई सबल बनाउने मक्सद बोकेर वीरगंज महानगरपालिकाले आफ्नै नेतृत्वमा यो अभ्यास गर्दैछ । चैत मसान्तदेखि नयाँ वर्षको वैशाख २ गतेसम्म तीन दिन अर्थात् तीन रात रात्रीबजार सञ्चालनको तयारी भइरहँदा यसले सकारात्मक सन्देश दिएको छ ।

बजारको निरासाको धर्कोलाई थोरै भए पनि अमृतबुटी प्रदान गर्ने अपेक्षा छ । बजारमा व्यापार व्यवसायमा सम्भावना खोजी हुनेछ । यसर्थ रात्रीबजारलाई सबैले सकेको सहयोग गरौँ कि, यो जरुरी छ । न कि, शान्तिसुरक्षाका नाममा राति ९ नबज्दै सबै शान्त बनून् । झ्यालढोका लगाएर आनन्दले सुतून् । रात्रीकालीन जिन्दगी झमेला मात्रै हो, तनाव मात्रै हो, सराबी बजारको मात्रै हो भन्ने मान्यतालाई भरपूर मदत गर्दै रातका समयलाई निन्द्रामा सीमित नराखौँ ।

वीरगंज उपमहानगरपालिकाले लामो समयको प्रयासपछि रात्रीबजार लगाउने तिथि तोकेको हो । यसको प्रचारप्रसार कम भएको हुनसक्छ । रात्रीकालीन समयमा अथाह भिड बढे थेग्न नसक्ने पनि हुनसक्छ । अमर्यादित क्रियाकलाप र अवाञ्छित कार्य गर्ने मनोदशाका मानिसहरुको सहभागिता बढी पनि हुनसक्छ । तपाईंहरुले मनमा चलिरहेको कुरा यस्तो पनि हुनसक्छ । हो, बाख्रा दिनभर हरिया घाँसमा चरेर साँझ नपर्दै खोरमा निदाउन खोज्छ । साँझ परेपछि कुन खोरमा मस्त निदाएको बाख्रा सुतिरहेको छ, तातो र आलो अनि स्वादिलो रगत चाट्न पाइन्छ भनेर बाघ साँझ परेपछि बस्तीमा छिर्छ । नेपाली समाजमा रात्रीकालीन बजारको मानक पनि यसरी नै परिभाषित गरिएको छ कि राति बजार निस्कने कामै छैन, राति बजार निस्कनेहरु चरित्रवान हुनै सक्दैनन् । यही मानकले समाजलाई रात परेपछि घर छिर्न बाध्य पारिरहेको छ । तर दिनभरको काम, थकाइ, तनाव कम गर्न पारिवारिक होस् या साथीभाइसँग जमघट गर्न रातका समय अनुकुल हुँदै गरेको छ । सबै आपराधिक मानसिकतामा मात्रै हुन्छन् भन्ने छैन । साँझको बसाइलाई नकारात्मक र चरित्रसँग जोडेर आलोचनाको तराजुमा जोख्ने काम पनि उचित होइन । दिउँसो गर्न नपाइएको किनमेल, घुमघाम शान्त अनि शीतलतापूर्ण वातावरणमा साँझ गर्न पनि सकिन्छ । कयौँ परिकारहरु उपभोग गर्न समय अनुकुल पनि हुनसक्छ । पुरातन मान्यता छ कि, बिहान घाम लागेको १ सय ५० मिनेट अर्थात् साढे दुई घण्टाभित्र र साँझ घाम डुबेको ९० मिनेट अर्थात् डेढ घण्टाभित्र खाइसक्नु पर्छ । यो पुरातन कथन हो । अहिले समय अनुकुल हुँदा जतिखेर पनि मानिस पैदल हिँड्न सक्छ, बिहानै मात्रै हिँड्नुपर्छ भन्ने छैन ।

प्रसंग वीरगंजमा रात्रीकालीन बजारको हो । नेपाल भारत सीमा, व्यापारिक सहर, रातभर निदाएर पनि हुँदैन । पालो अनुसार काम गर्नुपर्छ । भन्सार जाँचदेखि सामान छुटसँगै इन्धन भर्न पर्छ, रकमको कारोबार गर्नपर्छ । त्यसैले इन्धन डिपो र एटिएम काउन्टरहरु राति बन्द नहुँदा सेवा लिने र दिनेलाई सहज हुन्छ । यसका अलावा खानपानका स्टेसनहरु पनि चल्नुपर्छ । काम गर्दागर्दै जतिखेर भोजन र आरामको आवश्यक हुन्छ, त्यतिखेर विश्रामस्थल खोजी गर्दा सिंगो बजार बन्द हुँदा समस्या हुने नै गर्छ । यी सबै घटनाक्रमहरु व्यापार, व्यवसायसँग जोडिएका छन् ।


आर्थिक मन्दी भइरहँदा यसले थोरै भए पनि निरास अर्थतन्त्रलाई राहत हुने भएकाले वीरगंज उपमहानगरले ७५ प्रतिशत स्वामित्व ग्रहण गरेर सञ्चालनमा ल्याउन लागेको रात्रीकालीन बजारले नयाँ र फरक सन्देश दिने विश्वास गर्न सकिन्छ । बजार सञ्चालनमा आउन दिउँ, वीरगंज २४ सै घण्टा जाग्नुपर्छ, चल्नुपर्छ, दौडनु पर्छ भन्ने मान्यता बनाउँ, धेरथोर देखिने विकृति त घटाउँदै जाउँला न ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# सार्वजनिक सेवा प्रशारण विधेयकको समीक्षा

*हिजो प्रतिनिधि सभाको बैठकबाट समितिमा पठाइएको छ । ७२ घण्टाको समय अवधीमा संशोधनका लागि सांसदहरुले सुधारका लागि पहल गर्न सक्छन् ।*



– तारानाथ दाहाल

नागरिकको विचार र अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई सुनिश्चित गर्ने मान्यता प्रचलनमा ल्याउन नेपालमा सबै नागरिकलाई प्रसारण पहुँचमा पुर्याउन सार्वजनिक सेवा प्रसारणको स्थापना गर्न जरुरी छ । प्रसारणको माध्यमबाट सूचनामा निःशुल्क रुपमा पहुँच पुऱ्याई सक्रिय नागरिक जनमत सिर्जना गर्ने, नागरिक संवादको साझा मञ्चको रुपमा सार्वजनिक सेवा प्रसारणलाई विकास गर्ने ,समावेशी, बहुलवादी तथा सूचनामा आधारित समाज निर्माण गर्ने, तथा गुणस्तरीय कार्यक्रम प्रसारणमार्फत राष्ट्रनिर्माणमा योगदान गर्ने जस्ता मान्यतालाई व्यवहारमा ल्याउन नागरिकप्रति जबाफदेही सार्वजनिक सेवा प्रसारण नेपालमा अहिलेको आवश्यकता हो तर यसबारे जुन रुपमा सार्वजनिक बहस हुनुपर्थ्यो, हुन सकेको पनि देखिँदैन ।

बिस २०६३ सालबाट रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी रूपान्तरण गर्न सुरु भएको सार्वजनिक प्रसारण सेवा विषयको कानूनी बहसलाई स्वरुप दिन सरकारले यो विधेयक अघि बढाएको छ । हाल यो विधेयक राष्ट्रिय सभा र प्रतिनिधि सभामा पुगेको छ । हिजो प्रतिनिधि सभाको बैठकबाट समितिमा पठाइएको छ । ७२ घण्टाको समय अवधीमा संशोधनका लागि सांसदहरुले सुधारका लागि पहल गर्न सक्छन् । र, नागरिक समाजले जनमत निर्माण गर्न छलफल चलाउन सक्छन् ।

प्रस्तावित विधेयकमा ३२ दफा समेटिएको छ । यसले प्रमुख उद्देश्यका रुपमा -संविधान प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हक सुनिश्चित गर्न, सर्वसाधारणमा राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक जागरण ल्याउन र राष्ट्रिय एकता सुदृढ गर्न तथा लोकतान्त्रिक मूल्य मान्यता र स्वतन्त्र पत्रकारिताको मर्म अनुसार स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी भएर नागरिकलाई सुसूचित गने उद्देश्य लिएको कुरा प्रस्तावनामा उल्लेखित छ । यो उपयुक्त नै देखिन्छ । परिभाषा खण्डको दफा २ (ङ) मा प्रसारणको परिभाषामा रेडियो र टेलिभिजन प्रसारण मात्र उल्लेख छ । सो ले इन्टरनेट मार्फत हुने प्रसारणलाई समेट्न सक्दैन । तसर्थ डिजिटल प्रसारणको प्रावधान समेत थप हुनु आवश्यक छ ।

**सार्वजनिक प्रसारणको स्वायत्तता**

सार्वजनिक प्रसारण संस्थाको केन्द्रिय कार्यालय काठमाडौंमा रहने र अन्य भागमा आवश्यकता अनुसार कार्यालय रहने अस्पष्ट प्रावधानले सार्वजनिक प्रसारण संस्थाको सर्वव्यापकताको सिद्धान्तलाई बल दिदैँन । तसर्थ सातै प्रदेशमा कार्यालय रहने र ७५३ पालीकाका सबै भागमा पहुँच हुने कुरा थपगरी पहुँचको सुनिश्चितता गरिनु पर्दछ । यसैगरी दफा ४ मा प्रसारण संस्था स्वशासित र सङ्गठित संस्था हुने उल्लेख छ । तर स्वायत्ततालाई यसमा समावेश गरिएको छैन । तसर्थ स्वायत्तताको पक्ष पनि कानूनी रुपमानै सम्बोधन हुनुपर्छ ।

विधेयकको दफा ५ मा का क प्रसारण संस्थाका कार्यहरू तोकिएका छन् । यि कतिपय अस्पष्ट छन् भने केही उल्लेख गर्नै पर्ने कार्यहरू छुटेको देखिन्छ । आमसञ्चार नीति २०७३ ले यसले समेट्नु पर्ने क्षेत्रहरू भनी उल्लेख गरेका पक्ष तथा संविधानमा मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त र लक्ष्यहरूमा उल्लेखित कार्यहरू पनि यसको कार्यक्षेत्रमा थपिनु उपयुक्त हुनसक्छ ।

यसका साथै, सार्वजनिक सेवा प्रसारणलाई विभिन्न प्रदेश र पालीका तहमा विस्तार गर्ने, सार्वजनिक सेवा प्रसारणको मापदण्ड र सिद्धान्तहरू निरुपण गर्ने, सार्वजनिक सेवा प्रसारण संस्थाले व्यवसायिक प्रसारण च्यानलहरू सञ्चालन गर्नेनगर्ने जस्ता विषय पनि यसै दफामा निरुपण हुनु पर्दछ ।

**नीतिगत संरचना**

प्रसारण संस्थाका संस्थाको नीतिगत निर्णय गर्ने संरचनाको गठन सम्बन्धमा दफा ६ को परिषद सम्बन्धी प्रावधान सार्वजनिक सेवा प्रसारणको दर्शन, मान्यता र सिद्धान्त अनुकुल देखिदैन । परिषदको अध्यक्षता सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्रीले गर्ने प्रस्तावले प्रसारण संस्थाको ''स्वतन्त्रता, स्वायत्तता र निष्पक्षताको प्रत्याभूति गर्दैन । प्रस्तावित ४२ सदस्यीय परिषदमा संघीय सरकारका मन्त्री र ५ सचिव, ७ प्रदेश सरकारबाट मनोनित ७ सदस्य, विभिन्न संवैधानिक आयोगका प्रतिनिधि ८ जना प्रतिनिधि सदस्य, समावेशी तथा अन्य विभिन्न समुहबाट संघीय सरकारले मनोनीत गर्ने ७ सदस्य, स्थानीय सरकारहरूको ३ महासङ्घका प्रतिनिधि ३ जना सदस्य, श्रोता दर्शक समुहबाट ३ जना सदस्य, र ६ वटा विभिन्न संस्थाका अध्यक्ष पदेन सदस्य रहने र कार्यकारी समितिको अध्यक्ष सदस्य सचिव रहने प्रस्ताव गरिएको छ ।

यसरी गठन गरिने परिषदमा पदेन हुने ७ सदस्यमध्ये ३ बाहेक अरु सबै संस्थाका प्रतिनिधि सरकारी तथा सरकारले तोकेको प्रतिनिधि रहने हुनाले परिषदको काममा सरकारी चाहनामै निर्णायक हुन्छ । ''स्वतन्त्र र निष्पक्ष '' हुन नसक्ने स्पष्ट छ ।

तसर्थ, परिषद्को नेतृत्व संसदीय समितिको सभापति रहने वा निष्पक्ष सिफारिस समितिको सिफारिसमा राष्ट्राध्यक्षबाट नियुक्त हुने प्रबन्ध हुनुपर्छ । परिषदका सदस्यहरूको चयन गर्ने संरचना र पद्धति पनि स्वतन्त्र रहनुपर्दछ । यस्तो परिषदमा संसदीय राजनीतिक पक्षहरूको सहभागिता सुनिश्चता हुनुपर्दछ । विपक्षी आवाजको पनि स्थान रहनु पर्दछ। लैङ्गिक एवं समावेशी प्रतिनिधित्व पनि सुनिश्चित हुनुपर्छ ।

**नीति निर्माण तथा उत्तरदायीपना**

परिषदको औचित्य नै- नीतिगत नेतृत्व दिनु हो । साथै संस्थाको उत्तरदायित्व र निगरानीको संयन्त्रका रुपमा परिषद रहन्छ । यो नीति तर्जुमा गर्ने र नीतिहरू पुनरावलोकन एवं समीक्षा गर्ने महत्वपूर्ण थलोका रुपमा रहनु पर्दछ । जस्तै बजेट पारित गर्ने, सम्पादकीय नीति समीक्षा गर्ने, नियम विनियम पारित गर्ने र आन्तरिक सम्परीक्षणहरु (विभिन विषयका) गर्ने हुनुपर्दछ । तसर्थ यसको बैठक वर्षमा एक पटक (दफा ६ (५) ) कम्तीमा दुई वा तीन पटक हुनै पर्ने र यसको कार्य समय पनि कार्यकारी समितिको जति हुन्छ, सोही अनुसार रहने हुनुपर्छ । विधेयकको दफा ७ मा रहेको परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थामा नीतिहरू समीक्षा गर्ने तथा विनियम निर्देशिका आदि पारित गर्ने र यसले सुझावहरू र प्रतिवेदन संसद्लाई दिने हुनुपर्दछ ।

सार्वजनिक सेवा प्रसारण संस्थाको उत्तरदायित्व आमनागरिक समक्ष रहनु पर्दछ ।

उत्तरदायित्वको व्यवस्थापनका लागि यसको प्रतिवेदन सिधै संसद्मा प्रस्तुत हुने, छलफल हुने र त्यहाँबाट आवश्यक सुपरिवेक्षणसहित निर्देशन दिने प्रबन्ध गरिनुपर्दछ । यसले 'प्रविधि तटस्थ' नीति र रणनीति लिनुपर्दछ । नेपाली नागरिकलाई सरल, सहज र शीघ्र सुसूचित गर्ने मुख्य लक्ष्यलाई पूरा गर्ने जुनसुकै प्रविधि पनि सहज अवलम्बन गर्नसक्ने खुलापन यसलाई सुनिश्चित हुनुपर्दछ । लेखापरीक्षण, कार्यप्रगति, कार्यक्रम र प्रविधि मूल्यांकन आदि प्रतिवेदनहरू माथि आमनागरिकमा बहस हुनसक्ने विधि सुनिश्चित गरिनुपर्दछ ।

सार्वजनिक सेवा प्रसारण संस्थाले वार्षिक रुपमा विभिन्न सरोकारवाला समक्ष अनिवार्य रुपमा सार्वजनिक सुनवाई र सामाजिक परिक्षण गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ ।

सार्वजनिक सेवा प्रसारण संस्थाले नागरिक उत्तरदायित्व पुरा गर्न वार्षिक प्रतिवेदन राष्ट्राध्यक्ष मार्फत सरकार र संसद्समक्ष पेश गर्ने प्रावधान हुनुपर्छ । उक्त प्रतिवेदन माथि संसद्मा आवश्यक छलफल गरी संसद्ले सार्वजनिक सेवा प्रसारण प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने सक्ने व्यवस्था समेटिनुपर्छ ।

**कार्यकारी संरचना**

विधेयकको दफा ८ मा संस्थाको सञ्चालन लागि ५ सदस्यीय कार्यकारी समितिको व्यवस्था प्रस्तावित छ । यो समिति नेपाल सरकारले नै अध्यक्ष र सदस्यहरू मनोनयन गरेर गठन गर्ने छ । यो प्रस्ताव पनि सार्वजनिक सेवा प्रसारणको अन्तराष्ट्रिय मूल्यमान्यता र प्रचलन अनुकुल छैन । यस्तो कार्यकारी समितिको अध्यक्ष चयनका लागि मन्त्रीको अध्यक्षताको सिफारिस समिति भन्दा सर्वपक्षीय प्रतिनिधि भएको सम्बन्धित संसदीय समितिको सभापतिको संयोजकत्वमा समिति बन्न सक्छ अझ यो भन्दा बढी समावेशी खालको समिति पनि हुन सक्छ ।

परिच्छेद चार यो विधेयकको महत्वपूर्ण प्रावधानलाई समेट्ने परिच्छेद हो । यसले सार्वजनिक प्रसारण सेवा तथा समितिको गठन, पदाधिकारीहरूको योग्यता, अयोग्यता, पद रिक्त हुने र हटाउने व्यवस्था, बैठक र कामकर्तव्य, पदाधिकारीको सुविधा, अवधि आदी समेटेको छ। यहाँ गरिएका प्रस्तावहरू समग्रमा नै पुनरावलोकन हुनु पर्ने देखिन्छ ।जस्तै दफा १३ मा सार्वजनिक सेवा प्रसारण संस्थाको वार्षिक नीति, योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने अधिकारी यसै समितिलाई छ । यी अधिकार मध्ये अन्तिम अनुमोदनको अधिकार परिषदमा रहनु पर्दछ । त्यस्तै दफा १५ मा अध्यक्ष तथा सदस्यलाई मन्त्रालयले नै हटाउन सक्ने प्रस्ताव छ , यो गम्भिर तथा त्रुटिपूर्ण छ। सार्वजनिक प्रसारण कानूनले यो संस्थाका पदाधिकारीलाई हटाउने अधिकार सरकारलाई दिने ब्यवस्था गर्ने हो भने यस्तो प्रसारणमार्फत सार्वाजनिक प्रसारण बन्न सक्दैन।

**आर्थिक स्वायत्तता**

प्रस्तावित विधेयकको दफा २० मा रहेको कोष सम्बन्धी व्यवस्थामा चार स्रोतहरूमा आधारित कोष नै सार्वजनिक सेवा प्रसारणको कोष हुने उल्लेख छ । त्यस्ता स्रोतमा नेपाल सरकारको अनुदान, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, वैदेशिक स्रोत र संस्थाको आफ्नो आम्दानी भनेर तोकिएको छ । यसबाहेक वैदेशिक स्रोत प्राप्त गर्न अर्थमन्त्रालयको स्वीकृति लिनुपर्ने शर्त पनि राखिएको छ ।सार्वजनिक सेवा प्रसारणको एक महत्वपूर्ण विशेषता आर्थिक स्वायत्तता पनि हो ।श्रोत व्यवस्थाका लागि बजार र सरकारको निगाहमा भरपर्नुपर्ने भएमा सार्वजनिक सेवा प्रसारण संस्थाले स्वतन्त्र र निष्पक्ष ढंगले सम्पादकीय सेवा दिन सक्दैन । यस्तो संस्था बनाउनु भनेकै राजनीतिक हस्तक्षेप र बजारबाट निर्देशित हुनुपर्ने बाध्यता नरहेको स्वतन्त्र प्रसारण संस्था बनाउनु हो । त्यसैले सार्वजनिक सेवा प्रसारण संस्थाको बजेट बनाउने अधिकार संस्थालाई नै हुनुपर्दछ र परिषद्ले पारित गरेको बजेट प्रस्तावअनुसारको स्रोतको व्यवस्थापन सरकारले अड्कलेर दिने नभई ''सर्वसञ्चित कोषबाट व्ययभार हुने गरी'' हुनुपर्दछ र मात्र, आर्थिक स्वायत्तताको पूर्ण प्रत्याभूति कानुनद्वारा हुनसक्छ ।

विज्ञापन र समय बिक्री जस्ता बजारमा आधारित स्रोतबाट सञ्चालन हुनपर्ने बजेटरी बाध्यता बाट मुक्त हुनेगरि स्रोतको व्यवस्थापनमा आत्मर्निभर बनाउने हुनुपर्छ । कम्तीमा ८० प्रतिशत सञ्चालन खर्च र सम्पूर्ण भौतिक एवं प्राविधिक पूँजीगत खर्च बजेटबाट ''सर्वसञ्चित कोषबाट व्ययभार हुने गरी'' विनियोजन हुनुपर्छ । सार्वजनिक सेवा प्रसारणको उद्देश्य माथि कुनै प्रभाव नपर्ने गरी प्रविधि र पूँजी जुटाउन स्वदेशी एवं विदेशी स्रोत परिचालन गर्न सक्ने स्वायत्तताको अधिकार समेत प्रतिष्ठानलाई रहने कुरा कानूनमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ । सार्वजनिक प्रसारण सेवाअन्तर्गत प्रसारकहरूले सूचनामूलक विज्ञापन सामग्री प्रसारण गर्नसक्ने खुलापन पाउनुपर्छ ।

विज्ञानसम्बन्धी वर्गीकरण र प्रसारणसम्बन्धी निर्देशिका आफ्नै हुनुपर्दछ । प्रतिष्ठानको आर्थिक र व्यवसायिक स्रोतको आधार विज्ञापन हुनुहुँदैन । कल्याणकारी सूचना र जानकारी नेपाल नागरिकसमक्ष पुर्याउने ध्येय अन्तरगत मात्र विज्ञापन सन्देश प्रसारणको खुलापन अंगीकार गरिनु पर्दछ ।

**स्वनियमन र फ्रिक्वेन्सी**

दफा २२ ले प्रसारित सामग्रीबारे उजुरी तथा गुनासा सुन्न ओम्बुड्सम्यान समितिको परिकल्पना गरेको छ । स्वनियमनका लागि यो उपयुक्त कदम हो । सार्वजनिक सेवा प्रसारण र यस प्रकृतिका अन्य सेवाका प्रसारकहरूका लागि यस्ता स्वनियमन मापदण्ड तयार गर्ने, मूल्याङ्कन गर्ने, विकास गर्ने र सञ्चालन गर्ने जस्ता विषयको अधिकार समेत प्रसारण संस्थालाई प्रदान गर्न उपयुक्त हुन्छ ।

प्रस्तावित विधेयकको दफा २३ मा पीएसबीको स्रोता तथा दर्शक समुह गठन गर्न सक्ने सैद्धान्तिक आधार प्रस्तावित छ । यो व्यवस्था सकारात्मक भएपनि प्रष्ट छैन । यस्तो संयन्त्र जन उत्तरदायी प्रसारण सेवाको आधार हो । यस्ता संयन्त्रबाट प्राप्त हुने पृष्ठपोषण सम्पादकीय नीतिमा समेटिने कुरा कानुनमै सुनिश्चित हुनुपर्छ ।

प्रसारण फ्रिक्वेन्सी सुनिश्चिता सार्वजनिक प्रसारण सेवाको आधार हो । प्रस्तावित विधेयकको दफा २५ ले यससम्बन्धी ब्यवस्था गरेको तर यस्तो प्रबन्ध देशको राजधानी क्षेत्र वा केही भागमा मात्र भएर नपुग्ने हुनाले देशका सबै पालिका तहसम्म सार्वजनिक सेवा प्रसारण रेडियो र टिभी च्यानलहरूको लागि निशुल्क फ्रिक्वेन्सीको सुनिश्चित ऐनमा नै हुनुपर्दछ । सार्वजनिक सेवा प्रसारणको स्वायत्तताको निम्ति नियमनकारी कानुन तर्जुमामा सो निकायको सहमति पनि पूर्व शर्तकै रुपमा लिइन्छ ।

ऐन बमोजिम बन्ने नियमहरू मन्त्रिपरिषद्ले पारित गर्ने भएपनि त्यस्ता नियमहरू सेवा प्रसारणको परिषद्बाट सिफारिस भए बमोजिम मात्र बन्ने गरि कानुनी स्वायत्तता प्रदान गरिनुपर्दछ । यसका लागि विधेयको दफा २६ मा संशोधन जरुरी छ । दफा २७ को वार्षिक प्रतिवेदनका सम्बन्धमा सार्वजनिक सेवा प्रसारण संस्थाको विश्वव्यापी मान्यतानुसार सरकार मार्फत त संसद्मा वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था उपयुक्त हुनुपर्छ ।

**सरकारको निर्देशन र सम्पादकीय स्वतन्त्रता**

विधेयकको दफा २८ को नेपाल सरकारले “आवश्यकता अनुसार निर्देशन दिन सक्ने” तथा त्यसलाई सेवा प्रसारकले पालना गर्ने भन्ने व्यवस्थाले व्यापक अधिकार सरकारकै हातमा राखेको देखिँदा यो तथा सार्वजनिक सेवा प्रसारणको आधारभुत मान्यता विपरित हुँदा यसलाई हटाइनुपर्छ ।

अन्य मुलुकमा खास खास विषयमा सरकारले ध्यानाकर्षण गराउने भनी विषय नै उल्लेख गर्ने व्यवस्था भएकाले सोही अनुरूप गर्नु उपयुक्त हुन्छ तर यसो गर्दा सार्वजनिक सेवा प्रसारण संस्थाको स्वायत्तता र स्वतन्त्रतामा प्रतिकूल असर पुर्याउनु हुँदैन । केवल, मुलुकको सार्वभौमसत्ता र अखण्डता तथा सार्वजनिक हित र राष्ट्रिय हितका विषयमा मात्र यस्तो ध्यानाकर्षण दिन सक्ने विषयवस्तुहरू कानूनमा नै तोकिएको हुनुपर्छ ।

रेडियो नेपाल र नेपाल टेलिभिजन दुवै संस्था समायोजन गरी सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण कठिन तथा चुनौतिपूर्ण कार्य हो ।

यसका लागि समय लाग्न सक्छ, तर दफा २९ (८) को सङ्क्रमणकालीन व्यवस्था नै लम्बिने त होइन भन्ने संशय पनि यसले उत्पन्न गरेको छ । सम्पत्ति , कर्मचारी र दायित्व लगायतका विषयमा टुंगो लगाउन सङ्क्रमणकालीन प्रबन्ध निश्चित समयमा नै टुङ्ग्याउने र सो समयका लागि सङ्क्रमणकालीन संयन्त्रको प्रावधान प्रस्ताव गरेपनि यसको समयसीमा र म्यान्डेटमा थप प्रष्टता जरुरी छ ।

सम्पादकीय स्वतन्त्रताको अधिकतम सुनिश्चितता गरी गुणस्तरीय, सन्तुलित एवं विश्वसनीय प्रस्तुति मार्फत स्वच्छ जनमत तयार गर्ने मान्यताहरूलाई कानूनतः अवलम्बन गर्नु पर्दछ । यसले सूचना र आवाजको अधिकारिकता दिने हो नकि आधिकारिक वा सरकारी धारणा । संघीय संरचना अनुरूप सार्वजनिक सेवा प्रसारणको स्वरुप पनि संघीय र प्रादेशिक स्वरुपमा नै रहने गरि यसको गठन र विस्तार कानूनमा राख्न उपयुक्त हुन्छ । प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सेवा प्रसारण संस्था स्थापना गरी सञ्चालन गरिएमा पनि त्यस्ता संस्थाको अनुगमन र परिचालनको अधिकार संघीय निकायका रुपमा सार्वजनिक सेवा प्रसारण संस्थाको क्षेत्राधिकार भित्र रहने व्यवस्था गर्ने ।

सार्वजनिक सेवा प्रसारणका कार्यक्रमहरू उत्पादन र प्रसारणका लागि अन्य प्रसारकसँग सहकार्य गर्न सक्नेछ । कन्टेन्टको सहकार्य वा सेयरिङ वा खरिद बिक्री गर्नसक्ने कुरा कानुनी रुपमा नै सुनिश्चित हुनुपर्दछ । प्रतिष्ठानले अधिकतम कन्टेन्ट आफैं उत्पादन गर्ने गरी कानुनी जिम्मेवारी निश्चित गरिनुपर्दछ र कार्यक्रम उत्पादकहरूसँग सहकार्य र खरिद गर्ने स्पष्ट सिमा निर्धारण गर्ने गरी निर्देशिका बनाउनु पर्ने र सो को मुख्य आधार कानुनमा नै स्पष्ट हुनुपर्दछ ।

सार्वजनिक सेवा प्रसारण कानूनले प्रतिष्ठानमा हाल रेडियो नेपाल र नेपाल टेलिभिजनमा कार्यरत कर्मचारीहरूलाई उत्साहप्रद रूपमा समायोजन हुनेगरि सुविधाका प्याकेजहरू अग्रिम रुपमा तयार गरिनुपर्दछ । साथै कानूनले नै कर्मचारीहरूको दक्षता वृद्धि र नयाँ जिम्मेवारीप्रति अभिमुख गराउन र व्यवसायीक कर्मचारी तथा पत्रकारको लागि प्रशिक्षण तथा क्षमता विकासको विषयलाई कानूनी रूपमै सम्बोधन गर्न जरुरी छ ।

विपद, महामारी, चुनाव तथा अन्य संकट जस्ता समयमा सार्वजनिक प्रसारण सेवाको भूमिका र दायित्वको विशेष व्यवस्था कानूनमा नै गरिनुपर्दछ । र थप-थप छुट्टाछुट्टै निर्देशिका बनाइनुपर्दछ ।

सार्वजनिक सेवा प्रसारणले समाजमा विद्यमान सामाजिक सांस्कृतिक तथा अन्य स्वरूपको विविधतालाई विना भेदभाव स्थान प्रदान गर्नुपर्छ । विषयगत रुपमा यस्ता प्रसारण संस्थाले विचार र दृष्टिकोणको विविधता तथा सांस्कृतिक, जातीय र अल्पसंख्यक समूह, महिला, युवा, बालबालिका, पिछडा वर्ग, उत्पादनशील तथा उन्नतिशील क्षेत्र र सार्वजनिक सरोकारका मुद्दामा तिनका सवाल र आवाजलाई मुखरित गर्ने गर्ने कुरा सम्बन्धित कानूनले नै प्रष्ट गर्नुपर्छ । राष्ट्रिय एकता र सामाजिक सद्भाव तथा विविधतालाई आमसञ्चारद्वारा प्रवर्द्धन गर्ने, सूचना, विज्ञान प्रविधिबारे सूचना ज्ञान र ब्यवहारिक एवं शिक्षामुलक कार्यक्रम उत्पादन र प्रसारण गर्ने ,राष्ट्रिय संस्कृतिमा आधारित स्वस्थ्य मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी सबै सांस्कृतिको संरक्षण र विकास गर्ने कुराको सुनिश्चितता गर्नेपर्दछ । यसले सबै पुस्ताका कार्यक्रम प्रसारण गर्ने ढोका खुलै छोडिनुपर्छ ।

यसले नागरिकलाई केवल सञ्चार उपभोक्ता भन्दा माथि उठेर कार्यक्रम र विषय समेत दिन सक्ने, सिर्जना गर्न सक्ने अवसरलाई कानूनी रूपमै सम्बोधन गर्नुपर्छ । यो सेवा देशका सबै भूगोल र नागरिकको पहुँचमा हुने कुरालाई कानूनद्वारा नै स्पष्ट पारिएको हुनुपर्छ । राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले सार्वजनिक सेवा प्रसारणका सम्बन्धमा नीति स्पष्ट गरेको छ । सोही नीति अनुकूल हुने गरी यस सम्बन्धी कानुन बन्नु पर्ने हुन्छ । अन्यथा नीति एकतिर कानुन अर्को तिर हुन पुग्दछ । आमसञ्चार नीति अनुसार सार्वजनिक सेवा प्रसारण निम्न अनुसारको हुनु आवश्यक हुन्छ ।

**अन्त्यमा**

सार्वजनिक सेवा प्रसारण संस्थाको प्रकृतिका सम्बन्धमा केही आधार भूत स्थापित मान्यता र विशेषताहरू विश्वव्यापी रुपमा स्वीकार्य छन् । सार्वजनिक सेवा प्रसारक जनताकै लगानीमा जनताद्वारै नियन्त्रित र जनताकै निम्ति कार्य गर्ने सार्वजनिक प्रसारण संस्था हो । यो गैर नाफामुखी राजनीतिक हस्तक्षेपबाट मुक्त, व्यापारिक समूहको दबावबाट स्वतन्त्र, राज्यबाट नियन्त्रण र हस्तक्षेप मुक्त भई आमजनतालाई सूचना, शिक्षा र मनोरञ्जन दिने कार्यमा केन्द्रित हुनुपर्ने यसको विशेषता हो । सर्वव्यापक पहुँच, बहुलवादी विविधायुक्त सामाग्री, सम्पादकीय स्वतन्त्रता, स्वायत्त र स्वतन्त्र संरचना तथा विशिष्टता एवं सृजनात्मकता जस्ता गुण यसको आधार हो । सार्वजनिक सेवा प्रसारणको सुनिश्चितताका लागि कानून निर्माणमा यि सबै विशेषता प्रतिबिम्बित हुन जरुरी छ ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# सहकार्यमा नै चल्दछ सहकारी




काठमाडौँ । नेपालको संविधानको प्रस्तावनामै तीनखम्बे अर्थनीतिलाई अङ्गीकार गरिएको छ । यसै अनुरुप सहकारी ऐन २०७४ र नियमावली २०७५ मा पनि व्यवस्था गरिएको छ । हाम्रो मुलुकको अर्थव्यवस्था सरकारी, सहकारी र निजी मिलेर संयुक्तरुपमा सञ्चालन गर्नु नै तीनखम्बे अर्थनीति हो । अहिले मुलुकमा देखिएका आर्थिक समस्या संविधान र कानुनमा भएका व्यवस्थालाई समन्वय गरेर समयमै कार्यान्वयन गर्न नसकेकाले नै सिर्जित भएका हुन् । यसै साता काठमाडौँमा सम्पन्न सहकारीको तेस्रो महासम्मेलनबाट जारी ११ बुँदे घोषणापत्रमा पनि यी तीनवटै अङ्ग मिलेर संयुक्तरुपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेकाले सहकारी क्षेत्रमा अहिले देखिएका समस्या तत्काल समाधान हुने विश्वास गरिएको छ ।

सहकारी क्षेत्रको मूल विशेषता भनेकै नेपालभरिकै पहुँच हो । सरकार र निजी क्षेत्र पुग्न नसकेको ठाउँमा पनि सहकारी आफ्ना सदस्यहरुमार्फत आर्थिक कारोबार गरेर पुगेको छ । त्यसैले घरघरमा सहकारी भनिएको हो । यस वर्षको ६६औँ सहकारी दिवसको नारा 'दिगो विकासका लागि सुशासन र स्वनियमनमा सहकारी' भन्ने रहेको छ । यही नारालाई सफल बनाउन 'भिजन २०३०' समेतका साथ सम्मेलन सम्पन्न भएको छ ।

शेयर सदस्यहरुको सहकार्यमा छरिएर रहेको सानो-सानो पूँजीलाई एकीकृत गरेर उनै शेयर सदस्यको निर्णयबाट उनीहरुकै जीवनस्तर उकास्न गरिने सहकार्यलाई सहकारी भनिन्छ । करिब ७४ लाख शेयर सदस्य देशका कुनाकुनामा छरिएर स्वनियमका आधारमा निरन्तर काम गरिरहेका छन् । यसले मुलुकको उत्पादकत्वमा र रोजगारीको क्षेत्रमा महत्वपूर्ण योगदान गरिरहेको छ ।

नेपालको सहकारी क्षेत्रले रु ४७८ अरब बचत, रु ४२७ अरब ऋण लगानी र रु ९४.२२ अरब शेयर रकमबाट मुलुकमा आर्थिक कारोबार गरेर मुलुकलाई योगदान गरिरहेको छ ।

नेपालमा सबै प्रकारका ३० हजारभन्दा धेरै सहकारी रहेका छन् । त्यसमध्ये बचत तथा ऋण सहकारी भने करिब १४ हजार रहेका छन् । विश्वमा सहकारीको इतिहास बेलायतको मेन्चेष्टर सहरबाट एक सय १३ वर्षपहिले सुरु भएको भए पनि नेपालमा भने २०१३ सालमा चितवनको बखान सहकारीबाट सुरु भएको हो । सहकारीको विकास भने २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि मात्र भएको हो ।

यसरी २०१३ देखि २०४८ सालसम्म खासै फस्टाउन नसकेको सहकारी क्षेत्र प्रजातन्त्रको खुला अर्थतन्त्रको आर्थिक नीति ल्याएपछि च्याउ उम्रे सरह जन्मिएकाले यस क्षेत्रलाई नियन्त्रण गर्न २०४८ को सहकारी ऐन र नियमावली २०४९ अपर्याप्त भएकाले आवश्यकताको परिपूर्ति गर्न सहकारी ऐन २०७४ र नियमावली २०७५ कार्यान्वयनमा रहेको छ । तर यी ऐन र नियममा गरिएका कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधीकरण र कोपोमिस सफ्टवेयर प्रणालीले मूर्तरुप पाई नसकेकाले अहिले सहकारी क्षेत्रमा केही समस्या देखिएका छन् । त्यसैले यी व्यवस्था यथाशीघ्र लागू गर्नु आजको आवश्यकता भएको छ ।

सहकारी क्षेत्रले नेपालको उत्पादकत्व, रोजगारी र नेतृत्व विकासमा समेत महत्वपूर्ण योगदान गरिरहेकाले यस क्षेत्रलाई द्रुततर देश विकास गर्न सबै मिलेर अझै माथि उकास्न जरुरी छ । सहकारी क्षेत्रले नेपालमा कृषि, पशुपालन, जडीबुटी पर्यटन, स्वास्थ्य, बचत ऋण र सामाजिक क्षेत्रमा समेत महत्वपूर्ण योगदान गरिरहेको भए पनि केही सहकारीका सञ्चालकहरुको गलत कामले यो क्षेत्र पनि बदनाम भएको छ । यसअघि भएका कमी कमजोरीलाई भने तत्काल सच्याउन जरुरी छ । देशका विभिन्न स्थानमा वर्षौंदेखि सञ्चालनमा रहेका धेरै सहकारीहरुले जनतालाई उत्कृष्ट सेवा दिँदै आएका छन् ।

अहिले बदनामीको तारो बचत तथा ऋण सहकारीहरुलाई बनाइएको छ । त्यो पनि मिटरब्याजसँग सहकारीलाई तुलना गरिएको छ । यो आरोप सर्वथा मिथ्या हो किनभने सहकारीको जन्म नै मिटरब्याजको विरुद्धमा भएको हो । यसले लाखौं जनताको जीवनस्तर उकासेको छ । गरिबबाट धनी बनाएको छ । यसको मूल मन्त्र नै आफ्ना शेयर सदस्यहरुलाई बचत गर्न सिकाएर धनी बनाउने हो । यो कामका लागि सहकारीले सके हरेक हप्ता नसके हरेक महिना आफ्ना शेयर सदस्यहरुलाई सहकारी शिक्षा दिइरहेको हुन्छ ।

सहकारीमा हरेक शेयर सदस्य आफ्नो सहकारीको मालिक हुन्छ । आफैँ मालिक भएको सदस्यले कसरी आफ्नै हित विपरीत निर्णय गर्न सक्छ ? यो विचारणीय प्रश्न हो । समयमा ऋण तिर्न नसकेर धितो लिलाम भएमा पनि ऋणको लागत मात्र सहकारीले लिने हो ।

बढी रकम त सम्बन्धित शेयर सदस्यलाई नै फिर्ता दिने कानुनी व्यवस्था रहेको छ । त्यति मात्र नभई लिलाम भइसकेर पनि छ महिनाको म्याद दिएर आफ्नो धितो फिर्ता लिन सक्ने कानुनी प्रावधानसमेत रहेको छ । कतिपय अवस्थामा लिलाम गर्दा धितोले ऋण असुल नभएको अवस्था पनि भएको छ । ऋण मिनाहा गर्नु परे सम्बन्धित सहकारीको साधारणसभाले गर्न सक्छ । आवश्यकताअनुसार मिनाहा गरिएका उदाहरण पनि छन् । यसरी सहकारी सदैव आफ्ना शेयर सदस्यकै हितमा रहेको हुन्छ । कतिपय बचत र ऋण सहकारीले बैंकको भन्दा पनि थोरै ब्याजमा बैंकको भन्दा धेरै सेवा दिइरहेकाले सबै कारोबार सहकारीमै गरिरहेका छन् । बैंकले धेरै ब्याज लिँदा पनि सहकारीले १६ वा सोभन्दा थोरै नौ प्रतिशतमा ऋण दिएका सहकारी पनि छन् । नौदेखि १६ प्रतिशतसम्म ब्याज लिनु भनेको मिटरब्याज हुन सक्दैन । सहकारीले जन्मदेखि मृत्युसम्म धेरै प्रकारका सेवा दिएर आफ्नो असल पहिचान बनाएका छन् ।

सहकारी क्षेत्रमा समस्या आउनुमा विभिन्न कारणहरु रहेका छन् । विगत तीन वर्षयता संसारभरि कोभिड महामारीले आर्थिक सङ्कट ल्याएको छ । एक वर्षदेखि रसिया र युक्रेन युद्धको असरले तरलताको असर परेको छ । केही सहकारीले गलत तरिकाले घरजग्गामा लगानी गरेर लगानीको प्रतिफल दिन सकेका छैनन् । केही सहकारीका सञ्चालकहरुले आफ्नो स्वार्थमा काम गरेर शेयर सदस्यको बचत हिनामिना गरेकाले पनि अहिलेको अवस्था आएको हो । त्यस्तै, सहकारी ऐनमा भएका केही बुँदाहरुलाई सरकारले समयमै गठन नगर्दा पनि समस्या आएको छ । उदाहरणका लागि कर्जा असुली न्यायाधीकरण र कर्जा सूचना केन्द्र अहिलेसम्म पनि गठन हुन सकेको छैन । झोले सहकारीलाई नियन्त्रण गर्न सरकारले ध्यान दिएको छैन । अधिकांश सहकारीको नियमन प्रदेश र स्थानीय सरकाले गर्ने जिम्मा दिइए पनि ती निकायले जानकारीको अभावमा कामै गर्न सकेका छैनन् ।

सहकारीका क्षेत्रमा देखिएका समस्याहरुको समाधान गर्न भिजन २०३० को कार्यान्वयनका लागि ऐन नियममा तत्काल परिमार्जन गर्नुपर्ने हुन्छ । सहकारीको लगानीलाई घरजग्गामा भन्दा उत्पादनमुखी क्षेत्रमा गर्र्नुपर्छ । सहकारीले परम्परागत ढङ्गबाट नभई सूचना प्रविधिको उपयोग गरी सदस्यहरुलाई गुणस्तरीय र विश्वसनीय सेवा दिन सक्नुपर्छ ।

आवश्यकताका आधारमा नभई निहित स्वार्थपूर्ति र लाभ लिने उद्देश्यले स्थापना भएका सहकारीको सङ्ख्या घटाउन हाल स्थापना भएका ३० हजार सहकारीलाई मर्जरको माध्यमले १० हजारमा झार्नसमेत आवश्यक देखिन्छ ।

यसरी तीनखम्बे अर्थनीतिलाई सबैले आत्मसात् गर्दै अहिले देखिएका समस्याहरुलाई सरकारकै सक्रियतामा डेढ अर्बभन्दा धेरै बचतकर्ताको बचत फिर्ता दिइसकेको र भएका कानुनको शीघ्र कार्यान्वयन गर्न र संशोधन गर्नुपर्ने कानुनहरु संसद्बाट पारित गराउने प्रतिबद्धता सरकारले गरेको छ । त्यसैले अनर्गल प्रचारको पछाडि लाग्नुभन्दा सहकारीलाई व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गराउनेतर्फ सबै उत्तिकै जिम्मेवार हुन जरुरी छ । भविष्यमा पनि यस्ता समस्या दोहोरिन नदिन सरकार, सहकारी र निजी क्षेत्रले चनाखो भई सहकार्यका आधारमा अगाडि बढ्ने वातावरण निर्माण हुँदै गएकाले कोही पनि निराश हुनुपर्ने अवस्था छैन ।

# 'अर्थतन्त्र लयमा ल्याउन सरकारको अधिकतम प्रयास रहने'



काठमाडौँ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अर्थतन्त्र सुधारका लागि सरकारले अधिकतम प्रयास गरिरहेको बताएका छन् ।नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औँ वार्षिक साधारणसभालाई मंगलवार यहाँ सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले मुलुक आर्थिक रुपले चुनौतीपूर्ण रहेको अवस्थामा आफूले जिम्मेवारी सम्हालेको र अहिलेको सङ्कटमोचन गर्ने अवसर यो सरकारलाई रहेको बताएका हुन । " सरकारको सम्पूर्ण तागत अर्थतन्त्रलाई लयमा ल्याउने र त्यसलाई गति दिनेतर्फ केन्द्रित हुन्छ । पछिल्ला दिनहरुमा केही सकारात्मक सङ्केतहरु पनि देखिन थालिसकेका छन् ।", प्रधानमन्त्री दाहालले भने, "मेरो तेस्रो कार्यकाल मुलुकको समग्र आर्थिक अवस्थाका हिसाबले निकै चुनौतीपूर्ण छ र यो चुनौतीलाई सामना गर्ने अवसरका रुपमा पनि मैले हेरेको छु ।" नयाँ संविधान निर्माणपछि आर्थिक रुपमा गुणात्मक फड्को मार्ने अपेक्षा गरिए पनि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिका कारण त्यो सम्भव नभएको दाहालले बताए । "हाम्रो अर्थतन्त्रले भूकम्पको नराम्रो धक्का खायो । त्यसपछि कोभिड- १९ महामारीको कारण विश्वव्यापी रुपमा देखिएको सङ्कटको असर देखियो । राजनीतिक उतारचढाव र अस्थिरताको असर पनि परेको छ । रुस-युक्रेन युद्धको असर अझै देखिइरहेको छ", उनले भने । सार्वजनिक र निजी क्षेत्रको सहकार्यलाई प्रभावकारी नबनाइकन आर्थिक सुधार गर्न नसकिने भएकाले अहिलेको सरकारले मन्त्रिपरिषद्को पहिलो बैठकबाटै त्यस्तो निर्णय गरेको उनको भनाइ छ ।

"अर्थतन्त्रको अहिलेको दबाब निजी क्षेत्रको सहयोगबिना सामना गर्न सकिँदैन भनेर सरकारले पहिलो निर्णयबाटै सहकार्य अघि बढाएको छ । यो बीचमा धेरै बैठक र अन्तरक्रिया भएका छन',' प्रधानमन्त्री दाहालले भने, "निजी क्षेत्रबाट धेरै सुझाव सरकारले लिएको छ । अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकसँग पनि प्रधानमन्त्रीका रुपमा मैले धेरै नै छलफल गरेको छु, तर अपेक्षित रुपमा सुधार नभएकै हो ।"

सरकार अहिले आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रम निर्माणका क्रममा रहेकोले तरलता अभाव समस्या, न्यून राजस्व, रेमिट्यान्सलगायत विभिन्न आर्थिक सूचकहरुलाई कसरी सुधार्दै जाने भन्नेबारे गम्भीर रुपमा लागेको प्रधानमन्त्री दाहालको भनाइ छ । आफ्नो नेतृत्वमा गठन भएको सरकारले अर्थतन्त्रका सूचकलाई कसरी सुधार गर्ने भनेर निकै जोड गरिरहेको र पछिल्ला दिनमा त्यसको नतिजा पनि देखिँदै गएको उनले बताए । "गएको तीन महिनामा विदेशी मुद्रा सञ्चितिको अवस्थाबाट सन्तोष गर्नुपर्ने ठाउँमा मात्र होइन, उत्साहजनक अवस्थामै पुगेको छ । रेमिट्यान्समा पनि राम्रो सुधार भएको छ", प्रधानमन्त्री दाहालले भने, "राजस्व सङ्कलनमा पनि सकारात्मक सङ्केत देखिएका छन् । बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम गर्नेबारे सरकारका सबै अङ्गसँग घनिभूत छलफल भइरहेको छ ।"वस्तु उत्पादन, बजार व्यवस्थापन, रोजगारी सिर्जना, राष्ट्रिय आयको वृद्धि र देशको समग्र विकासमा निजी क्षेत्रले उल्लेखनीय भूमिका खेल्दै आएको बताउदै प्रधानमन्त्री दाहालले व्यवसाय सञ्चालनमा आउने व्यवधानहरुमा राज्यले सहजीकरण गर्दै आएको उल्लेख गरे । लगानी र व्यवसायमैत्री वातावरण निर्माणका लागि सरकारको पूर्ण सहयोग रहने पनि प्रधानमन्त्री दाहालको भनाइ छ । संविधानले तीन खम्बे अर्थनीतिको व्यवस्था गरेकामा त्यसको प्रभावकारी कार्यान्वयनका लागि पनि उनले जोड दिए । त्यस्तै कृषि क्षेत्र खस्किँदै गएकोप्रति प्रधानमन्त्री दाहालले चिन्ता व्यक्त गरे । "कृषि हाम्रो अर्थतन्त्रको मूल आधार हो । तर पछिल्ला वर्षमा अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको र कृषिजन्य वस्तुको आयात अत्यधिक बढ्दै गएको छ", उनले भने, "एकातर्फ कृषियोग्य जमिन बाँझो हुँदै जाने र अर्कोतर्फ दक्ष जनशक्ति सस्तो ज्यालादरमा विदेशिनुपर्ने बाध्यता रहेको छ ।

# मूल्यवृद्धिले सीमा नाघ्यो शोधनान्तर बचतमा

काठमाडौँ । चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा अर्थतन्त्रका केही सूचकहरु सुधारोन्मुख देखिएका छन् भने केही सूचक झन् खराब हुँदै गएको देखिएको छ । नेपाल राष्ट्र बैंकले मंगलवार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति सात दशमलवत ४४ प्रतिशत पुगेको छ ।



जुन सरकारले राखेको बाञ्छित सीमाको लक्ष्यभन्दा बढी हो । चालु आवमा मुद्रास्फीति सात प्रतिशतभन्दा न्यून विन्दुमा राख्ने सरकारको लक्ष्य छ । राष्ट्र बैंकका अनुसार फागुन मसान्तसम्ममा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २५ दशमलव तीन प्रतिशत र अमेरिकी डलरमा १४ दशमलव आठ प्रतिशतले बढेको छ ।

यही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४८ अर्ब ११ करोडले बचतमा रहेको छ । चालु आर्थिक वर्षको आठ महिनामा कूल विदेशी विनिमय सञ्चिति रु १४ खर्ब एक अर्ब २१ करोड बराबर रहेको छ । अहिलेको विदेशी विनिमय सञ्चितिले नौ दशमलव चार महिनाको वस्तु तथा सेवा धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ ।

आठ महिना अवधिमा सङ्घीय सरकारको खर्च रु सात खर्ब ७९ अर्ब २३ करोड र राजस्व परिचालन रु पाँच खर्ब ८२ अर्ब ७७ करोड बराबर रहेको छ । फागुन मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय पाँच दशमलव तीन प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय नौ दशमलव एक प्रतिशतले बढेको हो ।

यो अवधिमा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन पाँच दशमलव पाँच प्रतिशतले बढेको र निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव छ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ ।

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १० दशमलव पाँच प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर तीन दशमलव एक प्रतिशत बराबर हो । फागुन मसान्तसम्ममा आयात १९ दशमलव एक प्रतिशतले, निर्यात २९ दशमलव एक प्रतिशतले र कूल वस्तु व्यापार घाटा १७ दशमलव नौ प्रतिशतले घटेकोछ ।



# प्रशासकीय अधिकृत माग्दै कर्मचारी आन्दोलित




मधेशदृष्टि
वीरगंज, २८ चैत ।

बाराको महागढीमाई नगरपालिकाका कर्मचारी आन्दोलनमा उत्रिएका छन् । कार्यालयमा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा कामकाज प्रभावित भएको भन्दै मंगलबार पेनडाउन गरी कर्मचारी आन्दोलनमा उत्रिएका हुन् ।

बितेको डेढ महिनादेखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाइदिँदा विकास निर्माणका कामकाज प्रभावित बन्न पुगेको महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र प्रसाद यादवले बताए ।

मन्त्रालयले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तुफालाई सरुवा गरेपछि महागढीमाई नगरपालिका फागुन ८ गतेदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन भएको छ । पटकपटक मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृत पठाउन आग्रह गरे पनि कुनै सुनुवाई नभएको नगरप्रमुख यादवले गुनासो गरे । चैत १५ गते मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रुपमा रोशन ज्ञवालीलाई खटाएको पत्र नगरपालिकामा आए पनि ज्ञवाली पालिकामा हाजिर नभएको नगरप्रमुख यादवले बताए ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा कर्मचारीको तलबका साथै वृद्धवृद्धाले सामाजिक सुरक्षा भत्तासमेत पाउन सकेका छैनन् ।

# आफू खुसी शुल्क नबढाउन निर्देशन




काठमाडौँ । शिक्षा मन्त्रालयले निजी विद्यालयलाई आफू खुसी शुल्क नबढाउन निर्देशन दिएको छ ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता दीपक शर्माले मंगलवार एक प्रेस विज्ञप्ति जारी गर्दै शैक्षिक सत्र २०८० का लागि विद्यार्थी भर्ना गर्दा केही निजी लगानीका विद्यालयले आफू खुसी शुल्क उठाएको भन्ने विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्ण भएको जनाएको छ ।

स्थानीय तहले स्वीकृति गरिदिएको सीमाभित्र रहेर मात्र शुल्क लिन पाउने व्यवस्था रहेको मन्त्रालयले स्मरण गराएको छ । विज्ञप्तिमा भनिएको छ, "कुनै पनि विद्यालयले स्वीकृत भएको शुल्कको विषयमा पारदर्शी ढङ्गले सबै अभिभावकलाई जानकारी गराउनुपर्छ ।

अभिभावकले तोकिएको शुल्कको स्वीकृतिको विषयमा प्रश्न गर्न पाउँछन् ।"

त्यो विषयमा विद्यालय रहेको स्थानीय तहमा गुनासो गर्न पाउने व्यवस्था रहेको भन्दै मन्त्रालयले केही गुनासो भएमा स्थानीय तहमा जानकारी गराउन मन्त्रालयले निर्देशन दिएको छ ।

# विद्युत चोरी गर्ने ६ जना पक्राउ

मधेशदृष्टि
सप्तरी, २८ चैत ।

नेपाल विद्युत प्राधिकरण राजविराज र प्रहरीको संयुक्त टोलीले अनधिकृतरुपमा विद्युत चोरी गर्ने ६ जनालाई मंगलबार पक्राउ गरेको छ ।

विद्युत चोरी गरिरहेको अवस्थामा उनीहरुलाई छिन्नमस्ता गाउँपालिकाबाट नियन्त्रणमा लिइएको हो । छिन्नमस्ता-४ लालपट्टीका ६० वर्षीय शत्रुघ्न यादव, ५८ वर्षीय राजेन्द्र प्रसाद यादव, ५० वर्षीय रामचन्द्र रजक, वडा नम्बर ५ लोखरमका ४० वर्षीय शिवशंकर पंडित, सोही ठाउँका ५५ वर्षीय गगा सुतिहार र २५ वर्षीय गणेश मेहता पक्राउ परेका हुन् । प्राधिकरण र प्रहरीको संयुक्त टोलीले उनीहरुलाई नियन्त्रमा लिएर जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाएको प्रहरी प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए ।

## लागूऔषधको 'ट्रान्जिट' ..............................

आवको फागुन मसान्तसम्ममा ४० हजार ९६ वटा बरामद भएको छ ।

गत तीनवर्षको अवधिमा अन्य जिल्लामा सप्तरीबाट २२ हजार ६ सय ७४, सिरहाबाट ५४ हजार ३ सय ८५, धनुषाबाट १६ हजार ३ सय १६, महोत्तरीबाट ३४ हजार २ सय ५१, सर्लाहीबाट ३८ हजार ४ सय ५८, रौतहटबाट ३० हजार ८ सय १०, बाराबाट ३५ हजार ७ सय ८६ वटा बरामद भएको प्रदेश प्रहरीको तथ्यांकमा उल्लेख छ ।

एक तथ्यांकका अनुसार नेपालमा विभिन्न लागूऔषध दुर्व्यसनीको संख्या एक लाखभन्दा बढी छ । स्थानीय र अन्तर्राष्ट्रिय तस्करले नेपाललाई ट्रान्जिटका रूपमा हेरोइन, अफिम, कोकिन तस्करीमा प्रयोग गरिरहेका छन् भने गाँजा, चरेस, तरल चरेस नेपालबाटै भारत, युरोप, अमेरिकाको बजारमा र भारतबाट ट्याब्लेट, बोतल र इन्जेक्सनलगायतका लागूऔषध तस्करी हुँदै आएको छ ।

कोकिन, चरेश, हिरोइन र अफिमसहितका लागूऔषध महँगो भएकाले सेवनकर्ता कमी भए पनि गाँजा नेपालबाट भारत र ट्याब्लेट, बोतल र इन्जेक्सनसहित लागूऔषध भारतबाट नेपाल तस्करी हुँदै आएको छ ।

# २९ दशमलव नौ प्रतिशतले घट्यो निर्यात

काठमाडौँ । चालु आर्थिक वर्षको आठ महिनामा रु एक खर्ब ४ अर्ब ८० करोड बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९ दशमलव १ प्रतिशतले निर्यातमा कमी हो । अघिल्लो वर्ष निर्यात ८२ दशमलव नौ प्रतिशतले बढेको थियो ।

नेपाल राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा भारततर्फ ३७ दशमलव पाँच प्रतिशत र चीनतर्फ चार दशमलव नौ प्रतिशतले निर्यातमा कमी आएको छ । अन्य मुलुकतर्फको निर्यात छ दशमलव शून्य प्रतिशतले वृद्धि भएको छ ।वस्तुगत आधारमा जिंक सिट, अलैंची, पार्टिकल बोर्ड, ऊनी गलैंचा, चिया लगायतका वस्तुको निर्यात बढ्दा सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहना लगायतका वस्तुको निर्यात घटेको छ ।




समीक्षा अवधिमा निर्यातसँगै विदेशी वस्तुको आयातमा समेत कमी आएको छ । गत आवको तुलनामा आयात १९ दशमलव १ प्रतिशतले घटेर रु १० खर्ब ५८ अर्ब ३९ करोडमा सीमित भएको छ । अवधिमा भारतमा १७ दशमलव छ प्रतिशत र चीनमा २१ दशमलव सात प्रतिशतले आयातमा कमी आएको हो । यस्तै, अन्य मुलुकबाट हुने आयातमा समेत २१ दशमलव चार प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, रासायनिक मल, स्पञ्ज आइरन, सुन, अन्य स्टेशनरी सामानलगायतका वस्तुको आयात बढ्दा सवारी साधन तथा स्पेयर पार्टस्, औषधी, एमएस विलेट, कच्चा भटमासको तेल, दूरसञ्चारका उपकरण तथा पार्ट्स लगायतका वस्तुको आयात घटेको हो । निर्याततर्फ भैरहवा, जलेश्वर, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ भने आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट कमी आएको उल्लेख छ ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १७ दशमलव नौ प्रतिशतले कमी आई रु ९ खर्ब ५३ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ३४ दशमलव पाँच प्रतिशतले बढेको थियो ।समीक्षा अवधिमा निर्यात-आयात अनुपात नौ दशमलव नौ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११ दशमलव तीन प्रतिशत थियो । समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु ८५ अर्ब १२ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लोवर्षको सोही अवधिमा यस्तो आयात रु एक खर्ब ४७ अर्ब तीन करोड बराबरको भएको थियो ।

# सर्वाधिक कमाई गर्ने यी हुन् सात नेपाली चलचित्र

काठमाडौँ । चलचित्र विकास बोर्डले वर्ष २०७९ मा प्रदर्शनमा आएका नेपाली र विदेशी चलचित्रको तथ्याङ्क सार्वजनिक गरेको छ ।

बोर्डका अनुसार २०७९ सालमा मा नेपाली ५२ र विदेशी ८३ गरी १३५ चलचित्र प्रदर्शन भए पनि एक सय ३२ वटा चलचित्रको कमाइ सार्वजनिक गरिएको हो । बोर्डको विवरणअनुसार चलचित्र 'कबड्डी ४ : द फाइनल म्याच' को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार चार सय ६२ ग्रस व्यापार गरेको छ ।

विदेशीतर्फ कन्नड चलचित्र 'केजिएफ च्याप्टर २'ले छ लाख ७७ हजार ६ सय ९९ टिकट बिक्री भएबापत रु १९ करोड २९ लाख १३ हजार सात सय ५८ ग्रस कमाएको छ । नेपाली र विदेशीतर्फ सर्वाधिक कमाई गर्ने यी दुई चलचित्र हुन् । बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा सामान्य फरक भने पर्न सक्ने बक्सअफिस अधिकृत प्रवीण पाण्डेले जानकारी दिए ।

तथ्याङ्क अनुसार यस वर्षभरमा प्रदर्शन भएका चलचित्र शिवानीको पाँच वटा टिकट मात्रै बिक्री भएका छन् । जसबाट चलचित्रले रु पाँच सय २० ग्रस कलेक्सन गरेको छ ।

"सबै चलचित्र भवनमा बक्सअफिसको प्रविधि जडान भए पनि अनुगमनको अभावमा केही हेरफेर हुनसक्छ । केहीले नियतवश पनि गरिरहेका हुन्छन् । तर बोर्डले यसमा अनुमगन बढाएको छ", अधिकृत पाण्डेले भने, "हामीसँग रहेको आधिकारिक तथ्याङ्क सार्वजनिक गरेका हौँ ।" बोर्डले सार्वजनिक गरेको विवरणअनुसार सर्वाधिक व्यापार गर्ने सात नेपाली चलचित्र यसप्रकार छन् ।

**कबड्डी ४ : द फाइनल म्याच**

'कबड्डी'कै शृङ्खलाका रूपमा अगाडि बढिरहेको यो चलचित्रलाई रामबाबु गुरुङले निर्देशन गरेको हो । बोर्डको विवरणअनुसार चलचित्र 'कबड्डी ४ : द फाइनल म्याच' को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार चार सय ६२ ग्रस व्यापार गर्न सफल भएको छ । बाँसुरी फिल्मसको प्रस्तुतिमा तयार भएको चलचित्रमा सौगात मल्ल, मिरुना मगर, गौमाया गुरुङ, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, पुष्कर गुरुङ, कविता आले, जयनन्द लामा, प्रकाश घिमिरे, माओत्से गुरुङ, शरद अधिकारीलगायतका कलाकारको अभिनय छ ।

**छक्का पञ्जा ४**

हास्यकलाकारको समूहले टेलिशृङ्खला पाइरहेको लोकप्रियतालाई ठूलोपर्दामा ल्याउन अभिनेता दीपकराज गिरीले '६ एकान ६' मार्फत चलचित्र निर्माण सुरु गरे । त्यसपछि 'वडा नम्बर ६' हुँदै 'छक्का पञ्जा' निर्माण गरेको समूह अहिले यसकै शृङ्खलालाई अगाडि बढाइरहेका छन् । गत फागुन १९ देखि प्रदर्शनरत चलचित्र 'छक्का पञ्जा ४' ले बोर्डको विवरणअनुसार छ लाख आठ हजार चार सय दुई टिकेट बिक्री भएबापत रु १६ करोड ९४ लाख ३४ हजार ६ सय ३४ ग्रस व्यापार गरेको छ । प्रदर्शनरत भएकाले यसको व्यापार अझै बढ्ने देखिन्छ । राजनीतिक विकृतिलाई प्रस्तुत गरिएको चलचित्रमा पिताको विरासत जोगाउन राजनीतिमा होमिएका दीपकराज गिरी (राजा) लाई खराब स्वभाव र शैलीको नेताका रुपमा चित्रण गरिएको छ । हेमराज विसीले निर्देशन गरेको चलचित्रमा नीर शाह, निर्मल शर्मा, बुद्धि तामाङ, राज आचार्य, सुष्मा निरौला, वेदना राई, मलिना जोशी, सविन बाँस्तोला, रमेश बुढाथोकी लगायतको अभिनय छ ।

**प्रेम गीत ३**

'प्रेम गीत' को तेस्रो शृङ्खलाका रूपमा प्रदर्शन भएको 'प्रेम गीत ३' नेपालीसँगै हिन्दी भाषामा प्रदर्शन भएको थियो । सन्तोष सेन र छेतेन गुरुङले निर्देशन गरेको चलचित्रमा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, मनिष राउत, सुनिल थापा र शिव श्रेष्ठ लगायतको अभिनय छ । प्रेम कथानक चलचित्रको पहिचान बनाएको शृङ्खलाबाटै अभिनेता खड्का अहिलेको उचाइमा पुगेका हुन । चलचित्रले नेपाली भाषामा दुई लाख ६९ हजार सात सय ४४ टिकट बिक्री भएबापत रु सात करोड ७० लाख ३५ हजार पाँच सय ५८ र हिन्दी भाषामा ८३ हजार एक सय ४४ टिकेट बिक्री भएबापत दुई करोड २७ लाख २९ हजार तीन सय ६७ रुपैयाँको ग्रस व्यापार गरेको छ ।

**महापुरुष**

सर्वाधिक कमाई गर्ने चौथो चलचित्र 'महापुरुष' बनेको छ । चलचित्रले दुई लाख ४७ हजार पाँच सय १७ टिकेट बिक्री भएबापत सात करोड ३८ लाख ९० हजार ६ सय ७० रुपैयाँको ग्रस व्यापार गरेको छ । प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, नरेश पौड्याल, अरुण क्षेत्री, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गरेका छन् ।

यसमा एक्लो जीवन बिताइरहेका अभिभावकको कथा र चाहनालाई देखाइएको छ । षट्कोण आर्ट्स प्रालिको ब्यानारमा निर्मित चलचित्रमा कार्यकारी निर्माता रवीन्द्र सिंह बानियाँ र निर्माता दीपेश खत्री छन् ।

**दुई नम्बरी**

दीपेन्द्र लामाको निर्देशनमा तयार भएको 'दुई नम्बरी' सर्वाधिक व्यापार गर्ने चलचित्रको पाँचौं नम्बरमा छ । चलचित्रको एक लाख ४१ हजार ६ सय ३९ टिकेट बिक्री भएबापत रु तीन करोड ८४ लाख ७३ हजार पाँच सय २० को ग्रस कलेक्सन भएको छ । मित्रताको कथामा आधारित चलचित्रमा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बुद्धि तामाङ, पुस्कर गुरुङ लगायतले अभिनय गरेका छन् । भुटानी अभिनेत्री उगेन छोदेनले 'दुई नम्बरी' मार्फत नेपाली चलचित्रमा अभिनयको सुरुआत गरेका थिए ।

**फूलबारी**

रामबाबु गुरुङले निर्देशन गरेको भएको चलचित्र 'फूलबारी' सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीमा छैटौँ स्थानमा छ । अवकाश प्राप्त शिक्षकको जीवनी देखाइएको चलचित्रमा विपिन कार्की, अरुणा कार्की, प्रियङ्का कार्की, सोमनाथ खनाल, अनुपम शर्मा, मनिष ढकाल, गौमाया गुरुङ, साक्षी सिंह भण्डारीसहित विशेष भूमिकामा अभिनेता दयाहाङ राईले अभिनय गरेका छन् । चलचित्रले एक लाख २६ हजार एक सय ९० टिकेट बिक्री भएबापत तीन करोड ५२ लाख ८९ हजार चार सय ५९ रुपैयाँको ग्रस व्यापार भएको छ । अभिभावकले सन्तानबाट राख्ने अपेक्षा र सन्तानले भुलेको संस्कारलाई कथा बनाइएको चलचित्रमा किशोर मालपानीको कथा र उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको छ ।

**झिङ्गेदाउ**

ज्ञानेन्द्र देउजाले निर्माण तथा निर्देशन गरेको चलचित्र 'झिङ्गेदाउ' सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको सातौँ स्थानमा छ । बोर्डको विवरणअनुसार चलचित्र एक लाख २२ हजार दुई सय ९० टिकेट बिक्री भएबापत तीन करोड ४१ लाख १३ हजार दुई सय २३ रुपैयाँ ग्रस व्यापार गरेको छ । चलचित्रमा केकी अधिकारी, आँचल शर्मा, मुकुन भुसाल, कुशल विष्ट, हिउँवाला गौतम लगायतले अभिनय गरेका छन् । स्वर्गीय भीमनिधि तिवारीको सोही नामको कृतिमा आधारित चलचित्र 'झिङ्गेदाउ' मा प्राचीन नेपाली समाजको कथा प्रस्तुत गरिएको छ । देउरानी-जेठानीको सामान्य झगडाबाट परिवारमा आउने आरोहअवरोहलाई प्रस्तुत गरिएको चलचित्रमा आमा र दुई दाजुभाइको भावनात्मक सम्बन्धलाई चित्रण गरिएको छ ।



# जनकपुरधाम मेयरकपमा विराटनगर र काठमाडौँ विजयी

मधेशदृष्टि
जनकपुरधाम, २८ चैत ।

जनकपुरधाम मेयरकप २०७९ को मंगलवारको पहिलो खेलमा विराटनगरले पर्सालाई ५६ रनले पराजित गर्दै विजयी यात्रा कायम मात्र राखेको छैन सेमिफाइनलमा पनि प्रवेश गरेको छ। मेयरकपको छैठो दिन श्री रामजानकी अन्तराष्ट्रिय बहुद्देश्य रंगशालामा भएको पहिलो खेलमा टस जितेर पहिलो ब्याटिङ्ग गरेको विराटनगरले सबै ओभर खेल्दै ८ विकेटको क्षतीमा १ सय १३ रनको योगफल तयार गरेको थियो । उनका लागि मुकुन्द यादव अविजित २३, कपिल मण्डल १७ र फिरदोस अन्सारी १७ रन बनाएका थिए भन्ने अन्य बल्लेबाजहरु सम्मानजनक रन बनाउन सकेन । पर्साका लागि रञ्जित कुमार, नसुरद्दिन अन्सारी र रसिद खानले २/२ विकेट लिएका थिए । जवाफी ब्याटिङ्गमा १ सय १४ रनको लक्ष्य सहित मैदान उत्रेका पर्सा टिम ५७ रनमै सबै विकेट गुमाएर समिति भए ।




१४.४ ओभर मात्र खेल्न सकेका उनका लागि अल्फाज मन्सुरीले १४ रन बाहेक अन्य कुनै पनि बल्लेबाज दोहारो अंकको रन जोडन सकेन । पर्सालाई ५७ रनमै समेटने क्रममा विराटनगरका दिपेक कर्डैल ४ र फिरदोस अन्सारी ३ तथा श्रवण किस्कु २ विकेट लिए ।

लेखमा ३ विकेट व्यक्तिगत १७ रन जोडेका विराटनगरका फिरदोस अन्सारी म्यान अफ दी म्याच चुनिए । जनकपुरधाम मेयरकप २०७९ को छैठौ दिनको दोस्रो खेलमा मंगलवार काठमाण्डौंले पोखरालाई ओभरको अन्तिम बलमा पराजित गर्न सफल भएको छ । एकदमै रोचक प्रतिस्पर्धामा काठमाण्डौंका ब्याट्सम्यानले अन्तिम एक बलमा दुई रण बनाउनुपर्ने थियो, त्यस अगाडिको दुई बल डट भइसकेको दबाब ब्याट्सम्यान माथी थियो दर्शकहरुले पोखराले जित्ने नभए खेल सुपर ओभरमा जाने बताइरहेका थिए तर तर कांठमाण्डौंका ब्याट्सम्यानले अन्तिम बलमा दुई रण दौडेर लिन सफल भएपछि काठमाण्डौं २ विकेटले खेल जितेको हो ।

टस जितेर ब्याटिङ्ग थालेको पोखरा निर्धारित २० ओभर मध्ये १९.१ ओभरमा सबै विकेट गुमाउदै १ सय १८ रनको योगफल तयार पारेको थियो । पोखराका लागि किरण पौडेल २९, सन्दिप खत्री १९ र कृष्ण पौडेल १५ वाहेक अन्य ब्याट्सम्यानहरु खासै चल्न सकेन। काठमाण्डौंका लागि गजेन्द्र बोहरा ३, इसान पाण्डे र एमडी हुसेनले २/२ विकेट लिएका थिए । १ सय १९ रनको लक्ष्य पछ्याउन मैदान उत्रेको काठमाण्डौं ८ विकेटको क्षतीमा अन्तिम बलमा खेल जित्न सफल भयो । पोखराको जितमा गजेन्द्र बोहराको ६३ रन निर्णायक सावित भयो । ३१ बलमा ११ चौका र २ छक्का प्रहार गरि बोहराले व्यक्तिगत ६३ रन बनाई दिदाँ काठमाण्डौंको जित सम्भव हुन पुगेको हो । ईसान पाण्डेले अविजित २० रन बनाउँदा अरु खेलाडीहरु दोहोरो रन नबनाउदै पेवेलियन फर्केका थिए । पोखराका लागि बलरहरु कमल थापा ३ र नितेश गिरी २ विकेट लिन सफल भए । खेलमा टिमका लागि ३ विकेट र ६३ रन जोडन सफल बोहरा म्यान अफ दी म्याच चुनिए । प्रतियोगीतामा बुधवार विहान ९ बजे हुने पोखरा विरुद्ध सप्तरीको खेलको विजेता सेमिफाईनलमा पुग्ने छ भने दिउँसो पत्रकार विरुद्ध जनप्रतिनिधीहरुको मैत्रीपुर्ण खेल हुने आयोजकले जनाएको छ । यस अघि लगातार दुई खेल जित्दै धनुषा, बारा र बिराटनगर सेमिफाइनलमा पुगिसकेका छन् ।

# फिलिपिन्स र अमेरिकाको संयुक्त सैन्य अभ्यास सुरु



मनिला । कटु आलोचनाका बीच फिलिपिन्स र संयुक्त राज्य अमेरिकाले बृहत् संयुक्त सैन्य अभ्यास शुरु गरेका छन् । सुरक्षा विश्लेषकहरूका अनुसार यो अभ्यास एक दशक यताकै सबैभन्दा बृहत् हो ।

संयुक्त सैन्य अभ्यास र गतिविधिले यस क्षेत्रमा शान्ति र स्थायित्वको सट्टा तनाव बढाएको विश्लेषकहरूले बताएका छन् । बालिकाटन नामको १८ दिने उक्त अभ्यासमा पाँच हजार चार सय जना फिलिपिन्सका तथा १२ हजार दुई सय जना अमेरिकी सैनिक सहभागी रहेको फिलिपिन्सको सेनाले जनाएको छ । सैन्य अभ्यासमा अष्ट्रेलियाको सशस्त्र सेनाबाट एक सय जना सदस्य तथा जापान, बेलायतलगायत दर्जनौं देशले पर्यवेक्षकका रूपमा भाग लिएका छन् ।

'बालिकाटन २०२३' उत्तरी लुजोन टापु, पलावान प्रान्त, बाटानेस टापु र जाम्बाालेस प्रान्तलगायत धेरै स्थानमा आयोजना हुनेछ । उक्त अभ्यास सामुद्रिक सुरक्षा, 'साइबर डिफेन्स', प्रतिआतङ्कवाद, मानवीय सहायता, प्रकोप व्यवस्थापन तथा उद्धारमा केन्द्रित हुनेछ । अभ्यासका क्रममा फिलिपिन्स र अमेरिकी सेनाले हाइ मोबिलिटी आर्टिलरी रकेट सिस्टमसहित अत्याधुनिक हतियार प्रणालीलाई पनि सक्रिय पार्नेछन् ।

यसैबीच, लिगअफ फिलिपिनो स्टुडेन्ट्सले उक्त अभ्यासको विरोध गरेको छ । सैन्य अभ्यास औपचारिक रूपमा प्रारम्भ हुनु केहीबेर अघि उक्त सङ्गठनका सदस्यले विरोधप्रदर्शन गरेका थिए। विरोधका क्रममा उनीहरूले फिलिपिन्स सरकारलाई अमेरिकासँगको सैन्य सम्झौता खारेज गर्न माग पनि गरेका थिए। प्रदर्शनकारी सैन्य अभ्यासको निन्दा गरिएका प्लेकार्ड र ब्यानर बोकेका थिए । साथै उनीहरूले फिलिपिन्सका नागरिकहरूलाई उक्त अभ्यासको विरोध गर्न आह्वान पनि गरेका थिए । केही प्रदर्शनकारीले यहाँस्थित अमेरिकी राजदूताबास बाहिर रहेको अमेरिकाको प्रतीक चिह्नमा रङले भरिएका औजारबाट प्रहार गरी प्रतीक चिह्नलाई विकृत पारेका थिए । अभ्यासको औपचारिक कार्यक्रम भइरहेका बेला सैनिक मुख्यालय र अन्य सैनिक क्याम्पका गेटमा अर्काथरि प्रदर्शनकारीले अभ्यासको विरोध गरेका थिए ।

यहाँस्थित विद्वत् वर्गको समूह एसियन सेन्चुरी फिलिपिन्स स्ट्राटेजिक स्टडीज इन्स्टिच्युटका उपाध्यक्ष अन्ना मालिन्डोग उयले वालिकाटन अभ्यासबाट दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) क्षेत्र र विशाल एसिया-प्रशान्त क्षेत्रमा अस्थिरता सृजना गर्ने टिप्पणी गरेका छन् । उनले अमेरिकालाई हतियारमा खर्च गर्नुको सट्टा यस क्षेत्रका देशलाई आर्थिक सहयोग गर्न सुझाएका छन् ।

# ताइवानमा युद्धपोत र चिनियाँ लडाकु विमान

ताइपेई । ताइवानको जल र हवाई क्षेत्रमा सैनिक अभ्यास अन्त्य भएपछि पनि टापु वरपर युद्धपोत र लडाकु विमान मंगलवार पनि तैनाथ गरेको छ ।

मङ्गलबार ताइवानको जलक्षेत्रमा नौ वटा चिनियाँ युद्धपोत र हवाई क्षेत्रमा २६ वटा लडाकु विमान देखिएका ताइवानी रक्षा मन्त्रालयले जनाएको छ । स्थानीय समयअनुसार आज बिहान ११ बजेसम्म चिनियाँ विमान र युद्धपोत आफ्नो जल र हवाई क्षेत्र वरपर तैनाथ थिए ।

हिजो सोमबार तीनदिने सैन्य अभ्यास समाप्त गरेको बेइजिङले आज पनि युद्धपोत र लडाकु विमान आफ्नो वरपरको क्षेत्रमा तैनाथ गरेर युद्धको आभास दिइरहेको छ। ताइवानका राष्ट्रपति साई इङ वेनले क्यालिफोर्नियामा अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकाथीलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले गत शनिबारदेखि सैन्य अभ्यास शुरु गरेको थियो ।

राष्ट्रपति साईले आफ्ना सहयोगीहरूसँगको कूटनीतिक सम्बन्ध सुदृढ तुल्याउने उद्देश्यका साथ ग्वाटेमाला र बेलिजको भ्रमण पूरा गरी स्वदेश फर्कने क्रममा अमेरिकी सभामुखलाई क्यालिफोर्नियमा भेट्नुभएको थियो । गत अगस्टमा तत्कालीन सभामुख न्यान्सी पेलीसीको ताइपेई भ्रमणपछि गरिएको सैन्य अभ्यासभन्दा तुलनात्मक रूपमा पछिल्लो अभ्यास सानो थियो ।

राष्ट्रपति साई र सभामुख म्याकार्थीबीचको कुनै पनि बैठक आफूलाई अमान्य हुने उल्लेख गर्दै चीनले यदि उनले भेटवार्ता गरेमा त्यसविरुद्ध लड्न दृढ उपाय अवलम्बन गर्ने चेतावनी दिएको थियो ।

देशको सार्वभौमसत्ता र अखण्डतालाई कमजोर बनाउने कुनैपनि गतिविधि सह्य नहुने चीनले बताएको थियो ।



आफ्नै संविधान र सरकार भएको ताइवान एक स्वशासित टापु हो । चीनले यसलाई आफूबाट अलग भएको आफ्नै प्रान्तका रूपमा लिएको छ चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ। चीनले हिजो आफ्नो सैन्य अभ्यास सफलतापूर्वक सम्पन्न भएको बताएको थियो । ताइवानी रक्षा मन्त्रालयले हिजै टापु वरपर १२ वटा चिनियाँ युद्धपोत र ९१ वटा विमान तैनाथ गरिएका दाबी गरेको थियो ।

ताइवानी सेनाले आफ्नो सुदृढीकरणको प्रयासलाई निरन्तरता दिने बताउँदै आएको छ । सन् १९७९ मा वासिङ्टनले बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गरे पनि ताइपेइको अन्तरराष्ट्रिय सहयोगी एवम् साझेदारका रूपमा वासिङ्टन उभिएको छ । अमेरिका नै ताइवानको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता पनि भएको छ । यस्तो पृष्ठभूमिमा रहेको ताइवान र अमेरिकाबीचको सम्बन्ध अनौपचारिक भए पनि औपचारिक सम्बन्ध जत्तिकै महत्वपूर्ण एवम् अर्थपूर्ण रहेको अमेरिका-ताइवान सम्बन्धबारे अध्ययन गरिरहेका जेम्स लीले बताएका छन् ।

# जलवायु परियोजनामा सामेल हुने चवालीस देशको चाहना



वासिङ्टन । अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)का प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले जलवायु परिर्वतनसम्बन्धी आईएमएफको ४० अर्ब अमेरिकी डलरको रिजिलेन्स एण्ड सस्टेनेबिलिटी ट्रृष्ट९आर एसटी०का परियोजनामा सहभागी हुने चाहना विश्वका ४४ देशले गरेका बताएका छन् । एक वर्षअघि स्थापना भएको आरएसटीले कम आय भएका तथा कमजोर मध्यम आय भएका देशलाई आर्थिक सहयोग प्रदान गरी जलवायु परिवर्तनजस्ता प्रणालीगत जोखिम सामना गर्दै दिगो आर्थिक नीति प्रवर्द्धनको लक्ष्य लिएको छ । आरएसटीले मानव सृजित हरितगृह ग्यास उत्सर्जनलाई शून्यमा झार्न निर्धन देशका निम्ति सहयोगको उक्त कोष स्थापना गरेको हो ।

प्रबन्ध निर्देशक जर्जिएभाका अनुसार रुवाण्डा, बार्बाडोस, कोस्टारिका, बङ्गलादेश र जमैकाले कोषबाट सहयोग प्राप्त गर्न सम्झौता गरेका छन् । उदीयमान बजार र अर्थतन्त्रमा निजी लगानीका अवरोध हटाउन मद्दत गर्ने उक्त कोष आफैमा जलवायु सङ्कट समाधान नभए पनि त्यसले केही योगदान गर्ने उनले बताएका छन् ।

जलवायु परिवर्तनका कारण उत्पन्न हुने सङ्कट नियन्त्रण गर्न धेरै काम गर्न बाँकी रहेको बताउँदै प्रबन्ध निर्देशक जर्जिएभाले नीति, लगानी र वित्तीय सहायता अत्यावश्यक भएकामा जोड दिए । उनले जलवायु चुनौतीलाई अवसरमा परिणत गर्न बहुपक्षीय संस्था, राष्ट्रिय अधिकारी र निजीक्षेत्रबीच सहकार्य हुनुपर्ने बताए । नवीकरणीय ऊर्जाको उपयोग बढाउने तथा जलवायु सङ्कटबारे सर्वसाधारणको चेतना अभिवृद्धि पनि उत्तिकै महत्वपूर्ण भएको उनले बताए ।

# एक सय युक्रेनी युद्धबन्दी रिहा

किएभ । युक्रेन र रुसले युद्धबन्दी आदानप्रदान गरेका छन् । रुससँगको युद्धबन्दी आदानप्रदान सम्झौताअन्तर्गत सोमबार एक सय युक्रेनी बन्दी रिहा भएका हुन् । रुससँगको पछिल्लो कैदी आदानप्रदानमा २० महिलासहित एक सय युक्रेनी बन्दी रिहा भएका युक्रेनी अधिकारीहरूले बताएका छन् ।

रुसबाट रिहा भएकाहरूमा युक्रेनी सेनाका जवान, राष्ट्रिय गार्ड र नौसेनाका जवान र सीमा सुरक्षा बलका सदस्य रहेका युक्रेनी राष्ट्रपतिको कार्यालयका प्रमुख एन्ड्री येर्माकले बताएका छन् । रिहा भएकामध्ये केही घाइते तथा केही गम्भीर बिरामी छन् । कैदी आदानप्रदान सम्झौताअन्तर्गत युक्रेनले रिहा गरेका रूसी सेनाको सङ्ख्या बारेमा उनले कुनै विवरण दिएका छैनन् ।

यसैबीच, युद्धबन्दीको उपचारका निम्ति समन्वय गर्ने युक्रेनी कार्यालयले गम्भीर घाइते भएका पाँच जना रुसी सैनिकलाई रुससमक्ष हस्तान्तरण गरेको छ । किएभले उनीहरूलाई जेनेभा अभिसन्धिअनुसार रुसलाई हस्तान्तरण गरेको हो । मार्च २०२२ देखि रुससँगको बन्दी आदानप्रदानअन्तर्गत हालसम्म दुई हजारभन्दा बढी युक्रेनी मुक्त भएका छन् ।



# सामाजिक सद्भाव नबिगारौं: सिंह

मधेशदृष्टि
वीरगंज, २८ चैत।



वीरगंजमहानगरपालिकाका प्रमुख राजेशमान सिंहले पछिल्ला केही समय यता वीरगंजको सामाजिक सद्भाव धमिलो पार्ने षड्यन्त्र भइरहेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

धर्मका नाममा केही व्यक्तिले वर्षौंदेखिको धार्मिक सहिष्णुता तथा यहाँको सामाजिक सद्भाव खल्बलिने गतिविधि गरेको भन्दै सिंहले चिन्ता जाहेर गरेका हुन् ।

आशा किरण केन्द्रद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले वीरगंज सबै जातजाति, भाषा, धर्मको साझा फूलबारी रहेकाले सद्भाव बिगार्न नहुने बताए । हिन्दूले मुस्लिमलाई, मुस्लिमले हिन्दुलाई गर्ने सम्मान र सद् भाव केही उच्छृ्ङ्खल व्यक्तिका कारण धरासायी हुन नहुने भन्दै सबै संयमित भएर काम गर्नु पर्ने उनको भनाइ छ । वर्षमा एकपटक झन्डा, तरबार बोकेर सडकमा निस्कँदैमा धर्मको रक्षा हुन नसक्ने भन्दै उनले समाजमा रहेका कुरीति, गरिबी हटाउन सहयोगीभावमा समर्पण हुनु पर्नेमा जोड दिए। भएका मन्दिर संरक्षण गर्दै त्यहाँ पुजापाठ गर्ने व्यवस्था मिलाउनेतर्फ ध्यान दिँदै सबैलाई जुटाउनेतर्फ काम भए मात्रै धर्म र धार्मिक सहिष्णुता कायम हुने उनले बताए। मुस्लिम समुदायका केही व्यक्तिले पनि हिन्दु धर्मबारे अनर्गल प्रचार र सद्भाव खल्बल्याउने गरी वक्तव्य दिएको भेटिएकाले त्यस्ता कार्य तत्काल रोकेर वर्षौंदेखि कायम धार्मिक सहिष्णुता र सामाजिक सद्भाव अझै मजबुत बनाउनेतर्फ ध्यान दिनुपर्ने नगर प्रमुख सिंहले उल्लेख गरे । सोही कार्यक्रममा सिंहल मस्तिष्क पक्षघात तथा सुस्त मनस्थितिका बालबालिकाको शिक्षा र उपचारका लागि वीरगंज महानगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। नगर प्रमुख सिंहले मानवता हराउदै गएका बेला आशा किरण केन्द्रले मस्तिष्क पक्षघात तथा सुस्त मनस्थितिका बालबालिकालाई एकीकृत गर्दै उनीहरुको शिक्षा र स्वास्थ्यमा पुऱ्याएको योगदान अतुलनीय रहेको बताउदै केन्द्रलाई संरक्षण गर्नु महानगरको दायित्व भएको बताए।

केन्द्रका अध्यक्ष सुनिल गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमार, नेपाल भारत सहयोग मंचका अध्यक्ष अशोक वैद्य, लायन्स क्लबका पूर्व अन्तर्राष्ट्रिय अध्यक्ष संजय खेतान लगायतले मन्तव्य व्यक्त गरेका थिए । वीरगंजस्थित सिद्धार्थ माध्यमिक विद्यालयमा सञ्चालित आशा किरण केन्द्रमा ३१ जना मस्तिष्क पक्षघात तथा सुस्त मनस्थिति भएका बालबालिका रहेको केन्द्रकी सहयोगी नुतन सरावगीले बताइन् । कार्यक्रममा मस्तिष्क पक्षघात तथा सुस्त मनस्थितिका बालबालिकाले सांस्कृतिक तथा कला प्रदर्शन गरेका थिए।

# 'अपहरण गरेर कपाली तमसुक गराइयो'

आरके श्रीवास्तव
गरूडा, २८ चैत।



आर्थिक मन्दी छाएसँगै आपराधिक गतिविधि पनि बढेको छ । रौतहटको देवाहीगोनाहीमा भएको एक घटनाले यसलाई पुष्टि गरेको छ । घटनामा अपहरण गरी नेपाली कागजमा सहीछाप गराएको खुलासा भएको छ । लाखौंको सम्पत्ति हत्याउने दाउमा सहीछाप गराएको पीडितको भनाइ छ।

केही अपरिचित व्यक्तिले एक वृद्धलाई अपहरण गरी नेपाली कागजमा सहीछाप गराएको रहस्य खुलेको हो । देवाहीगोनाही-७ प्रेमपुर गोनाहीका वृद्ध विष्णु हजारालाई अज्ञात समूहले केही दिनअघि अपहरण गरी बसाहा कागजमा सहीछाप गराएको पाइएको हो ।

पीडित हजाराले मंगलबार भने, 'चैत १२ गते आइतबार साँझ करिब साढे ७ बजेको समयमा गोनाही बजारबाट घर फर्किरहँदा प्रेमपुर गोनाही र देवाही बजारको बीचबाछ चारजनाको समूहमा मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले कुटपिट गर्दै गुण्डा शैलीमा अपहरण गरेर गाउँनजिकै रहेको लालबकैया नदीको किनारामा लगे।'

साइकलमा सवार हजारालाई उनीहरुले बलजफ्ती बसाहा कागजमा सहीछाप गराएको पीडित हजराले बताए । सहीछाप गराएपछि उनीहरुले त्यही छाडेर भागेको हजाराको भनाइ छ । आँखामा कपडाले बाँधेका कारण सहीछाप गराउने समूह मध्येका कसैलाई पनि चिन्न नसकेको उनले बताए । कागजमा सहिछाप गराएर ती व्यक्तिहरू फरार भएपछि ज्यान जोगिएको उनले बताए । उनी नदीबाट भाग्दै मौलापुर- १ मर्यादपुर पुगेका थिए।

प्रहरीमा यस विषयमा उजुरी दिन खोज्दा उजुरी लिन नमानेको हजाराले बताए । पीडित हजाराका तीन छोरी छन् । उनका नाममा १२ कठ्ठा जग्गा छ । हजारालाई छोरा नरहेको हुँदा उनको नाममा रहेको सबै जग्गा हत्याउने उद्देश्यले अपहरण गर्ने समूहले उनीसँग कपाली कागजमा सहीछाप गराएको हुन सक्ने आशंका गरिएको छ।

ती अपहरणकारी खोजबिन गरी कपाली कागज बदर गरेर न्याय दिलाउन उनले माग गरेका छन् ।

यो भन्दाअघि आफूले कसैसँग एक रुपैयाँ पनि ऋण नलिएको प्रष्ट पार्दै हजाराले कर्जा लिएको भनी कसैले कपाली कागज पेश गरी मुद्दा दिएमा सो तमसुक झुटो सावित हुनुपर्ने र त्यस्तो कपाली कागज पेश गर्ने व्यक्तिलाई अपराधी घोषणा गरी कारवाही गरिनु पर्ने बताए।

इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी छेदीलाल कामतीले उनीहरुको पारिवारिक झगडा रहेको बताउँदै अपहरण भएको पुष्टि नभएको प्रतिक्रिया दिए।

# विज्ञापन गरौं, अनुगमन पनि गरौं: अन्सारी

मधेशदृष्टि
वीरगंज, २८ चैत।



मधेश प्रदेशका उद्योग, पर्यटन तथा वन राज्यमन्त्री रहबर अन्सारीले समाजमा विज्ञापनले 'झन्डु बाम'को काम गर्ने हुँदा यसलाई हावी हुन नदिन नियमन गरेर लैजानुपर्ने बताए।

जनकपुरधाममा मंगलबार विज्ञापन बोर्डद्वारा आयोजित विज्ञापन नियमन सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा अन्सारीले मानव जीवनमा विज्ञापन निकै प्रभावकारी विषय रहेको बताउदै यसलाई गम्भीर रुपमा लिन आग्रह गरे।

उनले सम्पूर्ण समस्यामा औषधिको रुपमा काम गर्ने विज्ञापनलाई नियमन गरेर लैजान विज्ञापन बोर्डलाई आग्रह समेत गरे।

उनले आगामी दिनमा विज्ञापनलाई नियमन गर्न नसके यसले छाडा रुप लिने अवस्था सिर्जना हुने अवगत गराउदै विज्ञापन एजेन्सी, सञ्चार माध्यम तथा सञ्चारकर्मीलगायत राष्ट्रको सामाजिक संरचनालाई बिग्रिन नदिन विज्ञापनलाई नियमन गरी विज्ञापन क्षेत्रलाई थप मजबुत बनाउन अग्रसर हुनुपर्ने बताए।

उनले अहिलेको युगमा विज्ञापन मानव जीवनको महत्वपूर्ण पाटोका रुपमा रहेकाले यसलाई जीवनमा हावी हुन नदिन पनि नियमन गर्न अत्यन्तै जरुरी रहेको बताए।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले प्रदेश र संघको विज्ञापन फरक हुनुपर्ने बताउदै जुम्ला र जनकपुरधामको समस्यामा भिन्नता रहेकाले विज्ञापनमा पनि फरक हुनुपर्ने धारणा व्यक्त गरे।

# जगतगुरु राम भद्राचार्य जनकपुरधाम आउने

मिश्रीलाल मधुकर
जनकपुरधाम, २८ चैत।



तुलसीपीठका पीठाधिश्वर राम भद्राचार्यजी महाराज वैशाख अन्तिम साता जनकपुरधाम आउने भएका छन् । जनकपुरधाम वडा नम्बर २३ बसपार्क स्थित रहेको हनुमान मन्दिरमा मूर्ति स्थापना तथा प्राणप्रतिष्ठामा सहभागी हुनेछन् । लोकतान्त्रिक समाजवादी पार्टीका बरिष्ठ नेताले मंगलबार पत्रकारहरुलाई सो जानकारी दिएका हुन् । हनुमान मन्दिर निर्माणको नेतृत्व गर्दै आएका चौधरीले वैशाख ११ गते कलश यात्रा, १२ गते जलाधिवास, १३ गते जलाधिवास, १४ गते अन्नादिवस र १५ गते नगर दर्शन र मन्दिरको अभिषेक गरिनेछ। कार्यक्रमलाई सफल बनाउन लोसपाका नेता मनोज तथा जनकपुर अंचल व्यवसायी संघ को अध्यक्ष मनोज चौधरीको मूल समितिको संयोजकत्वमा २५१ सदस्यीय समिति गठन गरिएको छ । कलश यात्राको संयोजकमां फूल कुमारी र मनीषा देवी, विश्व हिन्दूपरिषदका पवनकुमार ठाकुर को संयोजकत्वमा अर्थ संकलन समिति, गायक नवीन मिश्रको संयोजकत्वमा भजन सन्ध्या र मञ्च व्यवस्थापन, मोहन ठाकुरको संयोजकत्वमा खाद्य व्यवस्था समिति र सरसफाईको जिम्मेवारी जनकपुर धाम उप महानगरपालिका को संयोजकत्वको जिम्मेवारी दिइएको छ । जानकी मन्दिरका उत्तराधिकारी महंत राम रोशन दास बैष्णव, तमलोपाका वरिष्ठ नेता डा विजयकुमार सिंह धनुषाका सी.डी.ओ. , एसपी. लगायत अन्य महानुभावहरुको विशेष सहभागिता रहनेछ । एक करोडभन्दा बढीको लागतमा बनेको हनुमान मन्दिरको निर्माणमा जनकपुरधाम उपनगरपालिका, प्रदेश सरकार र निजी तहबाट आर्थिक सहयोग हुने चौधरीले बताएका छन्।

# लक्ष्य भन्दा ४० प्रतिशत राजश्व कम असुली

*'वीरगंज भन्सार नाकाबाट आयात हुने प्रमुख २० मालवस्तुमध्ये १७ मालवस्तुको आयात घटेको छ'*




मधेशदृष्टि
वीरगंज, २८ चैत।


मुलुकको ६० प्रतिशत भन्दा बढी सामान आयात निर्यात गर्ने मुख्य नाकाको रुपमा रहेको वीरगंज नाकाबाट आयात गरिने सामानको परिणाम घटेसँगै राजस्वमा असर परेको छ।

गत आर्थिक वर्ष २०७८/७९ को ८ महिनामा १ खर्ब ३८ अर्ब ९४ करोड ९४ लाख ५७ हजार रुपैयाँ राजस्व उठाएको वीरगंज भन्सारले चालु आर्थिक वर्षको ८ महिनामा गतवर्ष भन्दा ३७ अर्ब ४१ करोड १३ लाख ८१ हजार रुपैयाँ कम राजस्व असुली गरेको हो । यसवर्ष वीरगंज भन्सारले १ खर्ब १ अर्ब ५३ करोड ८० लाख ७६ हजार रुपैयाँ राजस्व असुली गरेको छ । भन्सार विभागले वीरगंज भन्सारलाई १ खर्ब ६८ अर्ब २३ करोड ८६ लाख ८५ हजार रुपैयाँ राजस्व असुलीको लक्ष्य तोकेको थियो। लक्ष्य भन्दा वीरगंज भन्सारले ४० प्रतिशत कम राजस्व असुली गरेको छ । यसको प्रमुख कारण बजारमा आएको मन्दी र आयात निर्यातमा भएको गिरावट रहेको अर्थविद् हरुले बताएका छन् । वीरगंज भन्सारले दिएको तथ्यांकअनुसार यस नाकाबाट आयात हुने प्रमुख २० मालवस्तुमध्ये १७ मालवस्तुको आयात घटेको छ। कोरोना महामारी यता देखिएको व्यापार मन्दीको असर भन्सार भित्रिने मालसामानमा देखिएको सम्बद्ध अधिकारीहरुले बताए । विगतमा सबैभन्दा बढी आयात हुने पेट्रोलियम पदार्थ सवारीसाधन र औद्योगिक कच्चा पदार्थको आयात उल्लेख्य घटेको वीरगंज भन्सारका सूचना अधिकारी रामचन्द्र ढकालले जानकारी दिए।

भन्सारका अनुसार, आयात सूचीको एक नम्बरमा रहेको डिजेलको आयात चालू आर्थिक वर्ष २०७९/८० को साउनदेखि फागुनसम्ममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१ प्रतिशतले घटेको छ । त्यस्तै, पेट्रोल आयात १० प्रतिशतले घटेको छ। हवाई इन्धन आयातमा ७७ प्रतिशतले कमी आएको भन्सारको तथ्यांकले देखाएको छ । आन्तरिक बजारमा मागको कमी, निर्माण व्यवसायमा आएको शिथिलता र त्यसको प्रभावबाट निर्माण सामग्रीका उद्योग कम क्षमता चल्दा इन्धनको खपत घटेको व्यवसायीहरुले बताएका छन । निर्माण सामग्री उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ एमएस स्टील स्ट्रिप र बिलेटको आयात पनि क्रमशः ९३ र ७० प्रतिशतले घटेको भन्सारको तथ्यांकले देखाएको छ । सिमेन्ट उद्योगले खपत गर्ने कोइला आयातमा करीब ६० प्रतिशतले कमी आएको छ । निर्माण कार्यमा प्रयोग हुने डोजर, ग्रेडरको आयात ६४ प्रतिशतले घटेको छ । औद्योगिक उपकरणको आयात पनि खस्किएको भन्सार तथ्यांकले देखाएको छ। त्यसैगरी जीप, कार, भ्यान जस्ता हल्का सवारी साधनको आयातमा ८४ प्रतिशतले कमी आएको छ।

# ब्याजदर घटाउन मन्त्रीकै प्रधानमन्त्रीलाई आग्रह

मधेशदृष्टि
वीरगंज, २८ चैत।



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले बैंकको ब्याजदर घटाउन प्रधानमन्त्री पुष्कमल दाहाल प्रचण्डसंग सार्वजनिकरुपमै आग्रह गरेका छन् । काठमाडौंमा मंगलबार नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं साधारणसभामा उद्योगमन्त्री रिजालले यस्तो आग्रह गरेका हुन् । मन्त्री रिजालले भने, 'जे पर्छ पर्छ, म प्रधानमन्त्रीलाई भन्छु, ब्याजदर घटाइदिनुस् ।'

मुलुकको अर्थतन्त्र राम्रो अवस्थामा नरहेको भन्दै रिजालले ब्याज न्यूनीकरण गरिए धेरै समस्या समाधान गर्ने जिकिर पनि गरे । निजी क्षेत्रको सहयोगबाटै समृद्धि हासिल हुने भन्दै मन्त्री रिजालले अन्तरसरकारी समन्वय बढाउनसमेत ब्याजदर घटाउनु पर्ने कुरामा जोड दिए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल